# ओमसतिया गाउँपालिकाको

# शिक्षा क्षेत्र योजना

**(२०८१/२०८२ – २००८५/२००८६)**

ओमसतिया गाँउपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

हाटी फर्सटिकर, रुपन्देही

लुम्बिनी प्रदेश

नेपाल



## शुभकामना

ओमसतिया गाउँपालिकाले आगामी १० वर्षलाई दृष्टिगत गर्दै तयार गर्न लागेको स्थानीय शिक्षा क्षेत्र विकास योजना हाम्रो गाउँपालिकाको शैक्षिक सुधार र समृद्धिको दिशामा एक महत्वपूर्ण मार्गचित्र हुनेछ । हाल शिक्षामा देखिएका विविध चुनौतीहरूको सम्बोधन र भविष्यका सम्भावनाहरूको उपयोग गर्न यो योजना एक सशक्त साधन बन्नेछ ।

हालको अवस्थाले देखाउँछ कि सामाजिक तथा आर्थिक रूपमा कमजोर पृष्ठभूमिका बालबालिकाहरू शिक्षामा पछि परिरहेका छन्, जसको प्रत्यक्ष असर गाउँपालिकाको शैक्षिक उपलब्धिमा देखिएको छ । स्रोतसाधनको उपस्थिति हुँदाहुँदै पनि अपेक्षित परिणाम प्राप्त हुन नसक्नु हामी सबैका लागि आत्ममूल्यांकनको विषय हो । यसले व्यवस्थापनमा देखिएका कमजोरीलाई सुधार गर्दै योजनाबद्ध रूपमा अघि बढ्नुपर्ने आवश्यकता औंल्याएको छ ।

नेपालको संविधान र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७७ ले सबै बालबालिकालाई गुणस्तरीय, निःशुल्क र अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको भए तापनि त्यसको प्रभावकारी कार्यान्वयनमा केही चुनौतीहरू अझै विद्यमान छन् । विशेषगरी आर्थिक रूपले कमजोर वर्गका बालबालिकाहरूको पहुँच अझै सन्तोषजनक छैन ।

यस योजनाले गाउँपालिकाको सम्पूर्ण शैक्षिक संस्थाहरूको स्तरोन्नति, स्रोतसाधनको न्यायसंगत वितरण, नियमित शिक्षक प्रशिक्षण, सहुलियत कार्यक्रम, प्रविधिको प्रयोग, र सिकाइ वातावरणको समग्र सुधारमा विशेष ध्यान दिनेछ । हामीले विद्यालयको भौतिक पूर्वाधार, विद्यार्थी–शिक्षक अनुपात, र व्यवस्थापन प्रणाली सुधारमा पनि सन्तुलित ध्यान दिनु पर्नेछ ।

बालमैत्री सिकाइ वातावरण निर्माण, नियमित उपस्थिति सुनिश्चितता, र विशेष आवश्यकता भएका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू सञ्चालन गरी समावेशी र उत्तरदायी शिक्षा प्रणाली निर्माण गर्नु हाम्रो लक्ष्य हो । अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय, शिक्षक र विद्यार्थी सबैको सहकार्य बिना यो सम्भव छैन ।

हामी ओमसतिया गाउँपालिकामा उपलब्ध स्रोतसाधनलाई प्रभावकारी रूपमा परिचालन गरी, प्रविधि र नवप्रवर्तनको सहायताबाट शिक्षामा परिवर्तन ल्याउने दृढ संकल्पका साथ अघि बढिरहेका छौं । यो शिक्षा योजना सम्पूर्ण पालिकावासीहरूको सक्रिय सहभागितामा सफल कार्यान्वयनतर्फ उन्मुख हुनेछ भन्ने विश्वास लिएका छौं ।

अन्त्यमा, ओमसतिया गाउँपालिकाका सम्पूर्ण बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न हामी सबै मिलेर अघि बढ्न आवश्यक छ भन्ने भावनाका साथ यो योजनाको कार्यान्वयनको लागि पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु ।

**धन्यवाद !**



**मञ्जित कुमार यादव (सोनु)**

**गा पा अध्यक्ष**



# मन्तब्य

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनासहित संघीय शासन प्रणालीलाई अंगीकार गरेको छ। स्थानीय तहहरू जनताको नजिक रहेका सेवा प्रवाह गर्ने जनप्रतिनिधिद्वारा निर्वाचित सरकार हुन् । संविधानको अनुसूचीमा उल्लेख गरिएअनुसार, स्थानीय तहलाई शिक्षा क्षेत्रसमेत स्पष्ट जिम्मेवारी र अधिकार प्रदान गरिएको छ ।

संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। यस व्यवस्थाले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रप्रति संवेदनशील भई गुणस्तरीय शिक्षा विकास गर्ने दिशामा अग्रसर हुन उत्प्रेरित गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षासम्बन्धी जिम्मेवारीलाई थप स्पष्ट पार्दै स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रभित्र रणनीतिक तथा लक्ष्यकेन्द्रित योजना बनाई कार्यान्वयन गर्ने जोहो गरेको छ ।

संविधान र अन्य कानुनी व्यवस्थाले तोकेको अनुसारका जिम्मेवारीहरू निर्वाह गर्दै ओमसतिया गाउँपालिका, रूपन्देहीले शिक्षा क्षेत्रको विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढ्न **गाउँपालिका शिक्षा क्षेत्र विकास योजना (२०८१/०८२ – २०९०/०९१)** तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

यस योजनाले शिक्षा सेवा प्रवाहको सन्दर्भमा गाउँपालिकाको हालको अवस्था, विद्यमान समस्या र चुनौतीहरू पहिचान गर्दै तिनको समाधानका लागि उपयुक्त रणनीति र प्रमुख कार्यक्रमहरू तय गरेको छ। साथै, यसले आगामी दश वर्षको लागि ओमसतिया गाउँपालिकाको शिक्षा क्षेत्रको दिशानिर्देशन प्रदान गरेको छ ।

यस योजना कार्यान्वयन गरी तोकिएका समृद्ध शैक्षिक लक्ष्यहरू हासिल गर्न जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, आम नागरिक तथा संघ र प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका रहनेछ । यस्तै, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकास साझेदारहरूसँगको सहकार्यबिना योजना सफल कार्यान्वयनतर्फ उन्मुख हुने विश्वास गरिएको छ ।

ओमसतिया गाउँपालिकाले शिक्षा क्षेत्रको दिगो विकासका लागि तयार पारेको यो दश वर्षीय गाउँपालिका शिक्षा क्षेत्र योजना कार्यान्वयनमा सरोकारवालाहरूको पूर्ण साथ, सहयोग र सहकार्यको अपेक्षा गर्दछ । अन्त्यमा, यो शिक्षा योजना तयार गर्न सक्रिय सहयोग गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सामाजिक विकास समिति संयोजक, कार्यपालिका सदस्यहरू, शिक्षा समितिका पदाधिकारीहरू तथा सम्पूर्ण ओमसतिया गाउँपालिकावासीहरू प्रति हार्दिक आभारसहित योजना कार्यान्वयनमा समेत निरन्तर साथ, सहयोग र सुझावको अपेक्षा व्यक्त गर्दछु ।

**धन्यवाद !**



..................................

**कृष्ण प्रसाद पन्थी**

**प्रमुख प्रशासकीय अधिकृत**

## हाम्रो भनाइ

संघीय शासन प्रणाली कार्यान्वयनमा आएपछि मुलुकमा तीन तहका सरकार स्थापना भएका छन् । तीमध्ये माध्यमिक तहसम्मको शैक्षिक जिम्मेवारी मुख्यतः स्थानीय सरकारअन्तर्गत रहेको छ । कक्षा १२ सम्मको शिक्षा स्थानीय तहको मातहतमा रहेकाले यसलाई व्यवस्थित र गुणस्तरी ढंगले सञ्चालन गर्न विभिन्न प्रयासहरू भइरहेका छन् ।

ओमसतिया गाउँपालिकाको सन्दर्भमा कुरा गर्दा, २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा शैक्षिक विकासका लागि उल्लेखनीय रचनात्मक कार्यहरू थालिएका छन् । पालिकाले शिक्षाका क्षेत्रमा गरेका कतिपय अभ्यासहरू अन्य स्थानीय तहका लागि पनि सिकाइको विषय बनेका छन् । विशेष गरी सामुदायिक विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढाउन पालिकाले भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । दरबन्दी नभएका विद्यालयहरूमा आफ्नै स्रोतबाट शिक्षक नियुक्त गर्ने, छात्राहरु लाई प्रोत्साहन गर्ने, बालमैत्री कक्षा निर्माण गर्ने लगायतका कार्यहरूले विद्यालयहरूमा उल्लेखनीय परिवर्तन ल्याएका छन् ।

हालसम्म गरिएका कार्यहरू आफैमा पूर्ण नभए पनि, ती कार्यहरूले यहाँको शैक्षिक क्षेत्रलाई सकारात्मक दिशामा अगाडि बढाउन योगदान पुऱ्याएका छन् भन्ने कुरा जो–कोहीले महसुस गर्न सक्छ । यही पृष्ठभूमिमा कोटहीमाई गाउँपालिकाको शिक्षा प्रणालीलाई अझ व्यवस्थित, योजनाबद्ध, समावेशी, समतामूलक र गुणस्तरीय बनाउने उद्देश्यले यो दशवर्षीय शैक्षिक योजना निर्माण गरिएको हो ।

यस योजनाको तयारीका क्रममा पालिकाभित्रका सरोकारवाला पक्षहरूसँग व्यापक छलफल, राय, सुझाव र परामर्श लिइएको छ । यो योजना लागू हुँदा ओमसतिया शिक्षामा नयाँ आयाम थपिने विश्वास लिएको छु । प्रस्तुत योजनाले बालबालिकालाई समावेशी र गुणस्तरीय शिक्षण सिकाइको वातावरणमा सहभागी गराउने सुनिश्चितता प्रदान गर्दै दीगो विकासका लक्ष्यहरू (SDGs) प्राप्त गर्ने मार्गमा टेवा पुऱ्याउनेछ ।

योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गर्ने र माध्यमिक तहसम्म निःशुल्क शिक्षामा पहुँच पुऱ्याउने लक्ष्य लिएको छ । साथै विद्यालय छोडेका बालबालिकालाई पुनः शिक्षामा ल्याउने वातावरण निर्माणको पक्षलाई पनि यसले सम्बोधन गरेको छ ।

अन्त्यमा, यस योजनाको निर्माण प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दल, सरोकारवाला संघसंस्थाहरू, शिक्षक, कर्मचारीलगायत सबैप्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु । साथै, योजनाको सफल कार्यान्वयनका लागि सबैको निरन्तर साथ, सहयोग, समन्वय र समर्थन रहनेमा पूर्ण विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

हरी प्रसाद पोख्रेल
शिक्षा शाखा प्रमुख

# बिषय-सूचि

सारांश .......... 1
विषय प्रवेश .......... 2
**परिच्छेद १: परिचय** .......... 7
१पृष्ठभूमि १. .......... 7
१वर्तमान अवस्था २. .......... 8
**१ गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरूको ३.SWOT विश्लेषण** .......... 16
**परिच्छेद २: दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण** .......... 20
२ओमसतिया गाउँपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः १. .......... 20
२ओमसतिया गाउँपालिकाको दीर्घकालीन सोंच तथा गन्तव्य २. .......... 21
२.३ लक्ष्य (Goal) .......... 21
२ ४.उद्देश्यहरू .......... 21
२रणनीति तथा कार्यनीतिहरू ५. .......... 22
२.६ अपेक्षित उपलब्धि .......... 27
२ ७.मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य .......... 28
**परिच्छेद ३ : शिक्षाका मुख्य  उपक्षेत्रहरु** .......... 30
३.१ प्रारम्भिक बालविकास तथा शिक्षा .......... 30
३.१.१  पृष्ठभूमि .......... 30
३.१.२ वर्तमान अवस्था .......... 30
३.१.३ उद्देश्यहरू .......... 33
३.१.४ रणनीतिहरू .......... 33
३.१.५ प्रमुख उपलब्धि तथा नतिजा .......... 33
३आधारभूत शिक्षा २. .......... 35
३.२.१ परिचय  र वर्तमान अवस्था .......... 35
३.२.२ वर्तमान अवस्था .......... 35
३.२.३ समस्या र चुनौतीहरू .......... 38
३.२.४ उद्देश्यहरू .......... 39
३.२.५ रणनीतिहरू .......... 39
३.२.६ प्रमुख उपलब्धि र नतिजा .......... 40
३.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य .......... 41
३माध्यमिक शिक्षा ३. .......... 42
३.३.१ परिचय .......... 42
३.३.१ वर्तमान अवस्था .......... 42
३.३.३ उद्देश्यहरू .......... 45
३.३.४ रणनीतिहरू .......... 45
३.३.५ प्रमुख उपलब्धि तथा नतिजा .......... 46
३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य .......... 47
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम .......... 48
३.४.१ परिचय .......... 48
३.४.२ वर्तमान अवस्था .......... 49
३.४.३ उद्देश्यहरू .......... 49
३.४.४ रणनीतिहरू .......... 49

३.४.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 50

३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ 50

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ 52

३.५.१ परिचय ........ 52

३.५.२ वर्तमान अवस्था ........ 52

३.५.३ उद्धेश्यहरू ........ 53

३.५.४ रणनीतिहरु........ 53

३.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 53

३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 53

**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ 55**

४पाठ्यक्रम १., पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन........ 55

४.१.१ परिचय र वर्तमान अवस्था........ 55

४.१.२ वर्तमान अवस्था ........ 55

४.१.३ उद्देश्यहरू........ 56

४.१.४ रणनीतिहरू ........ 56

४.१.५ प्रमुख उपलब्धि तथा नतिजा........ 56

४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ 57

४शिक्षक व्यवस्थापन र विकास २. ........ 58

४.२.१ परिचय र वर्तमान अवस्था........ 58

४.२.२ वर्तमान अवस्था ........ 58

४.२.३ उद्देश्यहरू........ 60

४.२.४ रणनीतिहरू........ 60

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ 61

४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ 62

४शैक्षिक समता र समावेशीकरण ३........ 63

४.३.१ परिचय........ 63

४.३.२ वर्तमान अवस्था ........ 63

४.३.३ उद्देश्यहरू ........ 64

४.३.४ रणनीतिहरू ........ 64

४.३.५ प्रमुख उपलब्धि तथा नतिजा........ 64

४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ 65

४४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम........ 66

४.४.१ परिचय........ 66

४.४.२ वर्तमान अवस्था ........ 67

४.४.३ उद्देश्यहरू : ........ 69

४.४.४ रणनीतिहरू........ 69

४.४.५ उपलब्धि तथा नतिजा ........ 69

४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........ 70

४विद्यालय सुरक्षा ५., विपत् न्यूनीकरण तथा उत्थानशीलता ..... 71
४.५.१ परिचय र वर्तमान अवस्था ..... 71
४.५.२ वर्तमान अवस्था ..... 72
४.५.३ उद्देश्यहरू ..... 73
४.५.४ रणनीतिहरू ..... 73
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ..... 74
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 74
४विद्यालय भौतिक पूर्वाधार विकास ६. ..... 75
४.६.१ परिचय र वर्तमान अवस्था ..... 75
४.६.२ वर्तमान अवस्था ..... 75
४.६.३ उद्देश्यहरू ..... 78
४.६.४ रणनीतिहरू ..... 78
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा ..... 78
४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... 79
४विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ७. ..... 79
४.७.१ परिचय र वर्तमान अवस्था ..... 79
४.७.२ वर्तमान अवस्था ..... 80
४.७.३ उद्देश्यहरू ..... 82
४.७.४ रणनीतिहरू ..... 82
४.७.५ प्रमुख उपलब्धि तथा नतिजा ..... 82
४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 83
**परिच्छेद ६सुशासन तथा व्यवस्थापन :** ..... 84
६.१ सुशासन तथा व्यवस्थापन ..... 84
६परिचय १.१. ..... 84
६अवस्था वर्तमान २.१. ..... 84
६उद्देश्यहरू ३.१. ..... 85
६रणनीतिहरू ४.१. ..... 85
६.१उपलब्धि ५., नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ..... 86
६प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७.१. ..... 86
६स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध २. ..... 87
६परिचय १.२. ..... 87
६अवस्था वर्तमान २.२. ..... 87
६.२.३ उद्देश्यहरू ..... 88
६.२.४ रणनीतिहरू ..... 88
६.२.५ प्रमुख उपलब्धि तथा नतिजा ..... 89
६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 89
**परिच्छेद ७लगानी र स्रोत व्यवस्थापन :** ..... 90
७.१ परिचय र बर्तमान अवस्था ..... 90
७.२ उद्देश्यहरू ..... 91
७.३ रणनीतिहरू ..... 91

७.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 91
७.५ उपक्षेत्रगत बजेट प्रक्षेपण ........ 91
७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया........ 101
**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** ........ 102
८.१ परिचय र बर्तमान अवस्था ........ 102
८.२ बर्तमान अवस्था ........ 102
८.३ उद्देश्यहरु ........ 103
८.४ रणनीतिहरू ........ 103
८.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 103
८.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 104
**अनुसूचीहरु** ........ 105
अनुसुची १ : सन्दर्भ सामग्रीहरू ........ 105

## सारांश

लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला ओमसतिया गाउँपालिकाको द्रुततर शिक्षाको उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत गाउँ शिक्षा योजनाले मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधान २०७२ मा शिक्षाको सन्दर्भमा बोलिएको तथा लेखिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्न स्थानीय तह को शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७९ अनुसार दश वर्षीय गाउँ शिक्षा योजना तयार पारिएको छ । यसमा नेपालको संविधान, संघीय शिक्षा ऐन, नियमावली, केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदनलाई समेत आधार लिइएको छ। बदलिदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भनी विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू ल्याइएका छन् । गाउँ शिक्षाको सन्दर्भमा प्रारम्भिक बालविकास कार्यक्रम, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा प्राविधिक तथा व्यवसायिक र अनौपचारिक शिक्षालाई जीवनपर्यन्त एवं सिपमूलक तथा प्रविधिमैत्री बनाउने गरी योजना तय गरिएको छ ।

ओमसतिया गाउँपालिकाको शिक्षा योजनाले गुणस्तर सुधार र पहुँच विस्तार गर्ने उद्देश्यसहित विभिन्न शिक्षाका उपक्षेत्रहरूमा व्यापक कार्यक्रमहरू समावेश गरेको छ । प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत चार वर्ष उमेरका सबै बालबालिकालाई तालिमप्राप्त सहयोगी कार्यकर्ता मार्फत बालमैत्री वातावरणमा कक्षा संचालन, अपाङ्ग बालबालिकाको पहिचान र सहायता, अभिभावक सहभागिता सुनिश्चित गर्ने क्रियाकलाप समावेश गरिएको छ। आधारभूत शिक्षामा गुणस्तर अभिवृद्धिका लागि पठन सामग्री, दिवा खाजा, स्वास्थ्य परीक्षण, सूचना-प्रविधि को उपयोग, स्थानीय भाषामा शिक्षण, कक्षा-आधारित मूल्यांकन, शिक्षक तालिम र अभिभावक–जनचेतना कार्यक्रम समावेश गरिएको छ । त्यसैगरी माध्यमिक तहमा प्राविधिक शिक्षा, छात्रवृत्ति, पोषण/स्वास्थ्य कार्यक्रम, अतिरिक्त गतिविधि, विद्यालय पूर्वाधार सुधार, सुपरिवेक्षण आदि मार्फत विद्यार्थी प्रोत्साहन र गुणस्तरोन्नति गर्ने क्रियाकलाप समावेश गरिएको छ। प्राविधिक शिक्षा अन्तर्गत कृषि प्रयोगशाला र विभिन्न तालिमहरू सञ्चालन गरी सिपयुक्त र प्रविधिमैत्री युवा उत्पादन गरिनेछ। अनौपचारिक तथा आजीवन शिक्षामा सामुदायिक सिकाइ केन्द्रमार्फत व्यवसायिक र सिपमुलक कार्यक्रममार्फत विद्यालयसम्म नपुगेका, रोजगारीमा नजाने वा नियमित अध्ययन नगर्ने बालबालिका, युवा, वयस्क, महिला र ज्येष्ठ नागरिकलाई समावेश गरिने सुनिश्चितता गरिएको छ।

साथै माथिल्लो कक्षामा शिक्षक–विद्यार्थी अनुपात अत्यधिक भएकाले गुणस्तरमा देखिएको कमजोरीलाई सम्बोधन गर्न दरबन्दी मिलान कार्यक्रम समावेश गरिएको छ । यसले विद्यार्थी संख्या र शिक्षक आवश्यकताको आधारमा शिक्षण प्रभावकारितामा सुधार ल्याउने लक्ष्य राख्दछ। साथै, स्थानीय पहिचान र विकासलाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रम परिमार्जन गरेर आधारभूत शिक्षा स्थानीय आवश्यकता अनुरूप विकास गरिने योजना गरिएको छ। पूर्वाधार सुधार अन्तर्गत कक्षाकोठा, फर्निचर, स्वच्छ पानी, बाल, अपाङ्ग र महिला मैत्री शौचालय, पुस्तकालय, ICT कक्षा तथा स्मार्टबोर्डको प्रयोग गरेर सिकाइ वातावरणलाई आधुनिक एवम् समावेशी बनाई गुणस्तरीय बनाउने प्रयास गरिनेछ, जसबाट विद्यालय नआउने वा नियमित अध्ययन गर्न नसक्ने विभिन्न समुदायका बालबालिकाहरु व्यवसायिक, सिपयुक्त तथा प्राविधिक शिक्षामा पहुँच बढाउन सुनिश्चित गरिएको छ।

यसको साथै अपाङ्गता भएका बालबालिका लगायत प्रौढहरूलाई विशेष व्यवस्था गरी एकीकृत शिक्षा तथा सिपयुक्त अपाङ्गमैत्री शिक्षा दिन समावेशी तथा समाहित शिक्षाको अवधारणालाई अगाडि सारिएको छ। यसरी योजनाको समग्र लक्ष्य र उद्देश्य प्राप्तिका लागि योजनामा खर्च हुने लागतहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा गैरसरकारी संघसंस्था र समस्त अभिभावक तथा सरोकारवालापक्षको योगदानमा आधारित रहेर सम्पन्न गर्ने कार्यक्रम रहेको छ।

## विषय प्रवेश

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराले शिक्षा सम्बन्धि पहुँचको हक हुने र राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ । त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत समेत गरेको छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा  निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस ओमसतिया गाउँपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर,  सहभागिता र  समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका  ठहर गरी दश वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस ओमसतिया गाउँपालिकाको दश वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु–व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामुलक शिक्षा सबै नागरिकलाई प्रदान गरि सम्वृद्ध नेपाल सुखि नेपालीको नारालाई साकार पार्न ओमसतिया गाउँपालिकाले शिक्षा योजना २०८१ तयार गरेको छ । यसका साथै गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठिहरू सञ्चालन गरी शिक्षा सम्वन्धि सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागू गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र समृद्ध गाउँपालिकाको (गाउँपालिकाको शैक्षिक स्लोगन केहि भए राख्ने) रुपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेलेको छ ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, १६औ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुसार कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सृजनशील,  सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ ।

यस ऐनको दफा २४ (१)  मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य समेत रहेको छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाई उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजना (School Education Sector Plan २०७९-२०८८) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा यस ओमसतिया गाउँपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी  दशवर्षीय स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयन गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार गर्नुपर्ने आवश्यकता र औचित्य देखेको छ।

**ग) ओमसतिया गाउँपालिकामा शिक्षा योजना निर्माणको औचित्यः**

१. तिनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजय सहसम्बन्ध स्थापित गर्न,

२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न

४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन

५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

६. गाउँपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरि समस्या समाधानका उपायहरु कार्यान्वयन गर्न,

**घ) शिक्षा योजना निर्माणका आधारहरुः**

ओमसतिया गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक  र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण  गरिएको छ।

क) नेपालको संविधान

ख) १६ औँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७

ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली

च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाई आपुरण तथा दुरत सिकाई योजना

छ) शिक्षा नीति मूलतः  राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

ज) विद्यालय शिक्षामा समता रणनीति

झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

ट) स्थानीय तहको मध्यमकालीन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि

ढ) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदनहरू

**ङ) शिक्षा योजना निर्माण प्रक्रियाः**

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुयाईं मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढंगले योजना निर्माणकार्य गरिएको छ । ओमसतिया गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. गाउँ शिक्षा समितिको मिति २०८१/०४/३० गतेको बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको ९ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।

२. कार्यदलको मिति २०८१/०४/३२ गते बैठक बसी शिक्षा योजनाको कार्ययोजना बनाई कामको जिम्मेवारी बाँडफाँड गरिएको ।

३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको । योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।

४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको ।

५. सरोकारवालाहरू सँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा gap analysis गरिएको ।

६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।

७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको

८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।

९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको

१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।

११. गाउँ कार्यपालिकाको मिति ...................गतेको बैठकबाट स्वीकृत तथा सिफारिस भई मिति............गतेको गाउँ सभाबाट प्रमाणित गरिएको

**च) योजनाको लेखाजोखा**

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता<br>(Leadership and participation) | • यो शिक्षा योजनाको निर्माण स्थानीय तहको मूल नेतृत्त्वमा गरिएको छ ।<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता र पारदर्शितामा आधारीत रहेको छ । |
| २ | पर्याप्तता र सान्दर्भिकता<br>(Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप पालिकाका शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौती अर्थात अवसरहरुको बिश्लेषण गरी तयार गरिएकाले पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर<br>(Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ । |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य<br>(Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध र तादम्यता कायम गरेको छ ।<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ ।<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ।<br>• स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ लाई आत्मसाथ गरी तयार गरिएको छ ।<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ ।<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् । अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् ।<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, |

| | | |
|---|---|---|
| | | जातजाति, आर्थिक, भाषिक, पिछडीएका वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ।<br>● योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ। |
| ६ | स्रोतको प्रबन्ध | ● शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ।<br>● योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ।<br>● स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी कायम गरिएको छ। |
| ७ | संस्थागत क्षमता | ● योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ।<br>● कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ। |
| ८ | कार्यान्वयनमा तत्परता | ● योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ।<br>● योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ● स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ।<br>● तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ। |
| १० | अनुगमन र प्रतिवेदन | ● अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ।<br>● आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ र प्रतिवेदन प्रणाली यकिन गरिएको छ। |

**छ) योजनाको दस्तावेजको स्वरुपः**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरू सँगको प्रत्यक्ष सहभागितामा पालिकाका बर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्धेश्य, रणनिति र कार्यनितिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतकारूपमा लिई योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । ओमसतिया गाउँपालिकाको आगामी १० बर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुदा योजनामा समाबेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौति, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्वपूर्ण स्थान दिइएको छ । शिक्षा योजनाको दस्तावेजको स्वरुप यहाँ उल्लेख गरिएको छ ।

## परिच्छेद १: परिचय

### १.१ पृष्ठभूमि

वर्तमान नेपालको संविधानअनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य ब्यबस्थाबाट संघीयगणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य रनिःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेकोछ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५तथा यस सम्बन्धी नियमावली २०७०कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।
संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५वर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजनाका लक्ष्यहरू र कोभिड १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १०वर्षे (वि.सं.२०७९ देखि २०८८ सम्म) विद्यालय शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७९ देखि २०८८ सम्म) नेपाल सरकार, शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयद्वारा तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो, जसको उद्देश्य विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी, र सुलभ बनाउनु रहेको छ । तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा अनुरूप ओमसतिया गाउँपालिकाले पनि स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको १० बर्षे योजना निर्माण गरिएको छ ।

### गाउँपालिकाको परिचय

नेपालको संविधान जारी भएपछि राज्य पुनर्संरचनाका क्रममा मन्त्रीपरिषद्को २०७३ फागुन २२ गते निर्णय विशेष रह्यो । सोही निर्णयका आधारमा २०७३ फागुन २७ गतेदेखि ७ सय ५३ स्थानीय तहहरू सञ्चालनमा आए । तीमध्ये ओमसतिया गाउँपालिका पनि संविधान बमोजिम एक स्थानीय तहका बन्न सफल भयो । ओमसतिया गाउँपालिकाको नामाकरण ऋषिमुनिहरुको तपभुमि मानिने रोहिणी नदिको तटमा अवस्थित ओमसतिया माईको मन्दिरबाट नामाकरण गरिएको छ । संघिय व्यवस्थापन अनुसार प्रशासनिक एवं राजनैतिक विभाजन अनुसार नेपाललाई सात प्रदेशमा विभाजन गरिएकोमा विश्व शान्तीदुत एवं एशियाका तारा गौतम बुद्धको जन्मस्थल

लुम्बिनीको नामले नामांङ्कन गरिएको र यहिप्रदेश अन्तर्गत पर्ने १२ वटा जिल्लाहरु मध्ये रुपन्देही जिल्ला अन्तर्गतका १६ स्थानीय तहमध्ये १ उपमहानगरपालिका, ५ नगरपालिका र १० गाउँपालिकामध्ये ओमसतिया गाउँपालिका साविकको पडसरी, हाटीफर्साटिकर, पटखौली, बसन्तपुर र छोट्की रामनगर गरी ५ वटा गा.वि.स.लाई एकिकृत गरि पडसरीलाई दुईवटा वडा कायम गरी जम्मा ६ वडामा विभाजन गरिएको छ ।

### १.२ वर्तमान अवस्था

वर्तमान राष्ट्रिय तथा स्थानीय शैक्षिक आवश्यकता अनुसारको शिक्षा सञ्चालन तथा व्यवस्थापनका लागि ओमसतिया गाउँपालिकाले शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयत्न गरेको छ। यसका लागि पालिकाले शिक्षालाई व्यक्तिगत सामाजिक तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेश अनुकूल बनाउने अवधारणा अगाडी सारेको छ। यस क्रममा शिक्षाको दीर्घकालीन योजना तयार गरी यसैका आधारमा शिक्षाको योजना तथा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने लक्ष्यका साथ योजनावद्ध विकासको थालनी यसै योजना मार्फत गरिएको छ। यो योजना हिजोको अनुभवबाट, आजको आवश्यकता पूरा गर्न र भोलि कहाँ पुग्ने भनेर आफ्नो आवश्यकता, क्षमता, दक्षतामा आधारित भए देखिएको सपना हो। समाजको भौगोलिक, सामाजिक र आर्थिक पक्षको अवस्थाले योजनाको आवश्यकता, औचित्य, सान्दर्भिकता योजना मार्फत के प्राप्त गर्न खोजेको हो त्यो कुराको आधार तय गर्नै भएकोले यस परिच्छेदमा ओमसतिया गाउँपालिकाको भौगोलिक, सामाजिक र आर्थिक अवस्था र शैक्षिक अवस्थाको बारेमा बिश्लेषण गरी शिक्षाका आवश्यकता, चुनौति बिश्लेषण गरिएको छ। ओमसतिया गाउँपालिकाको भौगोलिक, सामाजिक सांस्कृतिक तथा आर्थिक पक्ष  तपशील वमोजिम रहेको छ।

### गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना

करिव २७.५३३५६१° उत्तरी अक्षांश र करीव ८३.४९३०४६° को पूर्वी देशान्तरमा रहेको यो गाउँपालिका समुद्री सतहको करिब ९० मीटरदेखि १०० मिटरसम्मको उचाइमा अवस्थित छ यो गाउँपालिकाके केन्द्र जिल्ला सदरमुकामबाट ३ कोश अर्थात करिब १ घण्टाको पैदल दुरीमा वा १५ मिनेटमा यातायातके साधन मार्फत पुग्न सकिन्छ। जिल्लाको कूल १३६० वर्ग कि.मी. क्षेत्रफलमध्ये यस गाउँपालिकाले करीव ४८.५४ वर्ग कि.मी. क्षेत्रफलका साथै सिद्धार्थराजमार्ग अन्तर्गत बुटवल भैरहवा खण्डको ठुटिपिपल देखि नवलपरासी पश्चिमसम्म लम्वत रुपमालम्वाई करिब २० कि.मि. र चौडाई औसत ४ कि.मि. मा फैलिएको छ। पुर्वमा नवलपरासी, पश्चिममासियारी गाउँपालिका, उत्तरमा देवदहनगरपालिका र सिद्धार्थनगर नगरपालिका, रोहिणी गाउँपालिका दक्षिणमा तर्फ रहेका छन। यो गाउँपालिका व्यापारीक एवं औद्योगिक दृष्टिले सामरिक मानिन्छ। भैरहवा परासीमार्ग र भैरहवा बुटवल खण्डको दायावाया केही ठुला र केही मझौलाखालका उद्योगहरु संचालनमा आईसकेका छन् भने औद्योगिक क्षेत्रको रुपमा विकसित हुदैछ। राष्ट्रिय स्तरकै राष्ट्रिय गहुँवाली अनुसन्धान केन्द्र पडसरी र मत्स्यविकास केन्द्र ठुटिपिपल यसै गाउँपालिका क्षेत्र भित्र पर्दछन।  यहाँको भू–वनोटलाई हेर्दा तराईको भू-भाग भएकोले सम्म परेको फाँटले ढाकेको छ।

### सामाजिक अवस्था

यो गाउँपालिका प्राकृतिक रुपमा त्यति भरिपूर्ण नभएतापनि अनेकतामा एकता यहाँको सामाजिक परिवेश हो गाउँपालिकाको जम्मा जनसंख्या ४११४१ छ। उक्त जनसंख्यामा महिलाको संख्या २०६९४ र पुरुषको  संख्या २०४४७ छ। कूल जनसंख्यामा महिलाको प्रतिशत ५०.३ र पुरुषको प्रतिशत ४९.७ छ। गाउँपालिकाको औसत परिवार संख्या छ। गाउँपालिकामा मुख्यतः यादव, लोध, थारु, मल्लाह, मुसलमान, गुरूङ, मगर, बाहुनक्षेत्री अदि जातजातिहरूको बसोबास छ। उनीहरूमध्ये धेरैजसो आफ्नो परम्परा अनुसारका धर्म रीतिरिवाज र संस्कृति मान्दछन्। जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक फरक पाइन्छ। यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नै भाषा र भेषभूषा रहेको पाइन्छ। छिमेकीको विवाह, भोज, व्रतवन्ध, मृत्यु जस्ता सामाजिक परम्परामा पनि यहाँका मानिसहरू रीतिथिति र परम्परा अनुसार मान्ने चलन छ। यहाँका मानिसहरू दशैं, तिहार, ईद, बक्रिद, छठ, माघी, बडका आईतबार तथा अन्य चाडहरू मान्नुका साथै धार्मिक विविधता भए तापनि एक आपासमा घुलमिल भएर बस्ने गरेका छन्। गाउँपालिकामा गैर कृषि पेशामा

संलग्न हुनेहरूको संख्या न्यून छ। यस गाउँपालिकाका वहुसंख्यक मानिसहरू कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ। कृषि अन्तर्गत अन्न तथा तरकारी बाली, नगदेबाली पशुपालन आदि पर्दछन्। यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, गहुँ, तरकारी खेती, केरा खेती आदि हुन्। गाउँपालिकाबासीको आम्दानीमा कृषिको योगदान सबैभन्दा बढी छ भने वैदेशिक रोजगारीको योगदान दोश्रोमा र नोकरी पेन्सनको योगदान तेस्रोमा छ । गाउँपालिकावासीको औसत आयु नेपालीको सरदर आयु सरह नै देखिन्छ।

**गाउँपालिकाको जनसंख्या सम्बन्धी विवरण**

ओमसतिया गाउँपालिकाको जम्मा घरधुरी संख्या ८०८२ र जनसंख्या ४११४१ रहेको छ। उक्त जनसंख्यामा पुरुषको संख्या २०४४७ र महिलाको संख्या २०६९४ छ। गाउँपालिकाको जम्मा जनसंख्यामा पुरुष भन्दा महिला २४७ जनाले बढी छन्। कुल जनसंख्यामा पुरुषको प्रतिशत ४९.७ हुन्छ भने महिलाको प्रतिशत ५०.३ हुन्छ। उक्त जनसंख्या तथा घरधुरीको आधारमा औसत परिवार संख्या प्रति घरधुरी करीव ५.०९ जना हुन्छ । औषत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मी ८४८ जना बसोबास गर्ने देखिन्छ। राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस ओमसतिया गाउँपालिकाको परिवार संख्या र जनसंख्या विवरण यहाँ प्रस्तुत गरिएको छ।

**तालिका नं १**

**गाउँपालिकाको कुल जनसंख्या**

| परिवार संख्या | जम्मा जनसंख्या | पुरूष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसंख्या बृद्दिर | जनघनत्व/वर्ग कि.मी. |
|---|---|---|---|---|---|---|---|
| ८०८२ | ४११४१ | २०४४७ | २०६९४ | ५.०९ | ९८.८५ | १.२३ | ८४८ |

***स्रोत: राष्ट्रिय जनगणना २०७८***

**तालिका नं २**

**लैंगिक तथा जातजातीका आधारमा यस पालिकाको जनसंख्या**

| क्र.स. | जातजातीहरू | पुरूष | महिला | जम्मा संख्या | पुरूष प्रतिशत | महिला प्रतिशत | जम्मा जनसंख्याको % |
|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ७१८ | ८०६ | १५२४ | ४७ | ५३ | ३.७० |
| २ | ब्राम्हण पहाड | ११५० | ११६५ | २३१५ | ५० | ५० | ५.६३ |
| ३ | मगर | ११६१ | १३५५ | २५१६ | ४६ | ५४ | ६.१२ |
| ४ | थारू | ३०५१ | ३२०४ | ६२५५ | ४९ | ५१ | १५.२० |
| ५ | तामाङ् | २८ | २४ | ५२ | ५४ | ४६ | ०.१३ |
| ६ | नेवार | ११५ | १२२ | २३७ | ४९ | ५१ | ०.५८ |
| ७ | विश्वकर्मा | १८४ | २०८ | ३९२ | ४७ | ५३ | ०.९५ |
| ८ | मुसलमान | १५२१ | १५०२ | ३०२३ | ५० | ५० | ७.३५ |
| ९ | यादव | २२६१ | २१२९ | ४३९० | ५२ | ४८ | १०.६७ |
| १० | राइ | १७ | २१ | ३८ | ४५ | ५५ | ०.०९ |
| ११ | गुरूङ | ४१९ | ५०४ | ९२३ | ४५ | ५५ | २.२४ |
| १२ | परियार | ८ | १२ | २० | ४० | ६० | ०.०५ |
| १३ | ठकुरी | १४८ | १६९ | ३१७ | ४७ | ५३ | ०.७७ |
| १४ | लिम्बु | ८ | ५ | १३ | ६२ | ३८ | ०.०३ |
| १५ | मिजार | ५६ | ८३ | १३९ | ४० | ६० | ०.३४ |
| १६ | तेली | ६२९ | ५९४ | १२२३ | ५१ | ४९ | २.९७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | चमार/हरिजा/राम | १५३४ | १५०५ | ३०३९ | ५० | ५० | ७.३९ |
| १८ | सन्यासी, दशनामी | १०४ | १०७ | २११ | ४९ | ५१ | ०.५१ |
| १९ | मुसहर | १५ | २३ | ३८ | ३९ | ६१ | ०.०९ |
| २० | कुर्मी | ५५८ | ५३२ | १०९० | ५१ | ४९ | २.६५ |
| २१ | दुशाद, पासवान, पासी | ६७५ | ६५३ | १३२८ | ५१ | ४९ | ३.२३ |
| २२ | मल्लाह | ९५२ | ९४६ | १८९८ | ५० | ५० | ४.६१ |
| २३ | केवट | १५१६ | १५१२ | ३०२८ | ५० | ५० | ७.३६ |
| २४ | काठबानीया | १५६ | १४३ | २९९ | ५२ | ४८ | ०.७३ |
| २५ | ब्राम्हण तराइ | ५०१ | ४३७ | ९३८ | ५३ | ४७ | २.२८ |
| २६ | कलवार | १४१ | १३७ | २७८ | ५१ | ४९ | ०.६८ |
| २७ | कानु | १५ | १५ | ३० | ५० | ५० | ०.०७ |
| २८ | कुमाल | १४ | १६ | ३० | ४७ | ५३ | ०.०७ |
| २९ | घर्ती, भुजेल | ५३ | ६८ | १२१ | ४४ | ५६ | ०.२९ |
| ३० | हजाम, ठाकुर | २७५ | २६६ | ५४१ | ५१ | ४९ | १.३१ |
| ३१ | धोबी | ३०६ | ३१० | ६१६ | ५० | ५० | १.५० |
| ३२ | लोहार | १५१ | १५७ | ३०८ | ४९ | ५१ | ०.७५ |
| ३३ | हलुवाइ | ९ | ५ | १४ | ६४ | ३६ | ०.०३ |
| ३४ | माझी | २५ | २७ | ५२ | ४८ | ५२ | ०.१३ |
| ३५ | बरइ | ४२ | ४२ | ८४ | ५० | ५० | ०.२० |
| ३६ | बिन | १२ | १४ | २६ | ४६ | ५४ | ०.०६ |
| ३७ | नुनिया | ४ | ६ | १० | ४० | ६० | ०.०२ |
| ३८ | सोनार | २५ | ३७ | ६२ | ४० | ६० | ०.१५ |
| ३९ | कमहार | १०८ | १२८ | २३६ | ४६ | ५४ | ०.५७ |
| ४० | कहार | ५९५ | ५४५ | ११४० | ५२ | ४८ | २.७७ |
| ४१ | कायश्थ | २५ | ३४ | ५९ | ४२ | ५८ | ०.१४ |
| ४२ | राजपुत | ३० | २८ | ५८ | ५२ | ४८ | ०.१४ |
| ४३ | ओराओन, कुदुख | २२ | १३ | ३५ | ६३ | ३७ | ०.०९ |
| ४४ | लोध | २८९ | २६८ | ५५७ | ५२ | ४८ | १.३५ |
| ४५ | बधाइ, बाधी | ६ | ९ | १५ | ४० | ६० | ०.०४ |
| ४६ | बंगाली | १४ | १० | २४ | ५८ | ४२ | ०.०६ |
| ४७ | गडेरी, भेडियार | १२९ | १०५ | २३४ | ५५ | ४५ | ०.५७ |
| ४८ | माली | १६ | १५ | ३१ | ५२ | ४८ | ०.०८ |
| ४९ | धुनिया | ४१ | ३४ | ७५ | ५५ | ४५ | ०.१८ |
| ५० | डोम | ११ | १० | २१ | ५२ | ४८ | ०.०५ |
| ५१ | थकाली | ६ | ८ | १४ | ४३ | ५७ | ०.०३ |
| ५२ | छन्त्याल | १७ | १८ | ३५ | ४९ | ५१ | ०.०९ |
| ५३ | राजभर | ४८ | ४५ | ९३ | ५२ | ४८ | ०.२३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५४ | पत्थरकट्टा | २८ | ३० | ५८ | ४८ | ५२ | ०.१४ |
| ५५ | धरिकार | ५३ | ५६ | १०९ | ४९ | ५१ | ०.२६ |
| ५६ | ढाडी | ४१ | ३८ | ७९ | ५२ | ४८ | ०.१९ |
| ५७ | भूमिहार | ३८ | ३६ | ७४ | ५१ | ४९ | ०.१८ |
| ५८ | पुन | ७३ | ७८ | १५१ | ४८ | ५२ | ०.३७ |
| ५९ | बानीया | १४३ | १४२ | २८५ | ५० | ५० | ०.६९ |
| ६० | अन्य | २६ | ३४ | ६० | ४३ | ५७ | ०.१५ |
| ६१ | विदेशी नागरिक | ११६ | १२७ | २४३ | ४८ | ५२ | ०.५९ |
| ६२ | नखुलाइएको | २० | १७ | ३७ | ५४ | ४६ | ०.०९ |
| | जम्मा | २०४५२ | २०६८९ | ४११४१ | ४९.२८ | ५०.७२ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**तालिका नं ३**

**५ बर्ष उमेर समूह र लिङ्ग अनुसारको जनसंख्या**

| उमेर समूह | पुरूष | महिला | जम्मा | पुरूष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|
| ९५ माथि | ३३ | ३३ | ६६ | ०.०९ | ०.०९ | ०.०९ |
| ९०-९४ | ३२ | ४० | ७२ | ०.०९ | ०.११ | ०.१ |
| ८५-८९ | ८० | ९२ | १७२ | ०.२१ | ०.२५ | ०.२३ |
| ८०-८४ | १४८ | १६८ | ३१६ | ०.४ | ०.४५ | ०.४२ |
| ७५-७९ | ३५५ | ३४९ | ७०४ | ०.९५ | ०.९४ | ०.९५ |
| ७०-७४ | ६६६ | ६९१ | १३५७ | १.७९ | १.८६ | १.८२ |
| ६५-६९ | ८८० | ९१९ | १७९९ | २.३६ | २.४७ | २.४२ |
| ६०-६४ | १२६६ | १२१५ | २४८१ | ३.४ | ३.२७ | ३.३३ |
| ५५-५९ | १४२२ | १४१९ | २८४१ | ३.८२ | ३.८२ | ३.८२ |
| ५०-५४ | १८६७ | १७७७ | ३६४४ | ५.०१ | ४.७८ | ४.९ |
| ४५-४९ | २०६४ | २००३ | ४०६७ | ५.५४ | ५.३९ | ५.४६ |
| ४०-४४ | २६२४ | २६३२ | ५२५६ | ७.०४ | ७.०८ | ७.०६ |
| ३५-३९ | २८६७ | ३२७९ | ६१४६ | ७.७ | ८.८२ | ८.२६ |
| ३०-३४ | २९४८ | ३२४४ | ६१९२ | ७.९१ | ८.७२ | ८.३२ |
| २५-२९ | ३१६८ | ३६४२ | ६८१० | ८.५ | ९.७९ | ९.१५ |
| २०-२४ | ३७३२ | ३९०१ | ७६३३ | १०.०२ | १०.४९ | १०.२५ |
| १५-१९ | ३६८५ | ३३७९ | ७०६४ | ९.८९ | ९.०९ | ९.४९ |
| १० १४ | ३४४१ | ३१९१ | ६६३२ | ९.२४ | ८.५८ | ८.९१ |
| ५ ९ | ३२२४ | २८३५ | ६०५९ | ८.६६ | ७.६२ | ८.१४ |
| ००-०४ | २७४७ | २३७८ | ५१२५ | ७.३७ | ६.३९ | ६.८९ |
| जम्मा | ३७२४९ | ३७१८७ | ७४४३६ | १०० | १०० | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**तालिका नं ४**

**अपाङ्गताको प्रकार अनुसारको जनसंख्याः**

| उमेर समूह | जम्मा जनसंख्या | अपाङ्गताका प्रकार | | | | | | | | | | | | नखुलाइएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शारीरिक अपाङ्गता | न्यून दृष्टियुक्त | दृष्टिविहीन | बहिरोपन | न्यून श्रवण | बहिरोपन एवं दृष्टिविहीन | बोलाइ समस्या | मानसिक वा मनोसामाजिक | बौद्धिक | अनुवंशीय रक्तश्राव हेमोफिलिया | अटिजम् | बहुअपाङ्गता | |
| ० देखि ०४ वर्ष | ३३३७ | २३ | ० | २ | २ | ० | ० | ४ | ० | ० | ० | १ | १ | १ |
| ०५ देखि ०९ वर्ष | ३५५३ | १७ | २ | ८ | ० | २ | २ | २ | २ | २ | ० | १ | ४ | ० |
| १० देखि १४ वर्ष | ३७७२ | ८ | ५ | २ | ३ | २ | ० | २ | ३ | ० | १ | ० | १ | ० |
| १५ देखि १९ | ४४४२ | १५ | २ | ३ | ३ | ० | ० | ५ | ४ | ० | ० | १ | ४ | २ |
| २० देखि २४ | ४३१५ | २० | ४ | ३ | १ | ० | ० | ११ | २ | २ | ० | ० | २ | २ |
| २५ देखि २९ | ३७५९ | १० | ० | २ | ३ | ० | ० | ३ | ६ | ३ | १ | ० | ४ | १ |
| ३० देखि ३४ | ३१५१ | १३ | १ | २ | ० | ६ | २ | २ | ९ | ० | २ | ० | २ | ० |
| ३५ देखि ३९ | ३३४० | १५ | १ | २ | १ | ५ | १ | २ | ५ | १ | २ | ० | ६ | ० |
| ४० देखि ४४ | २६६५ | १४ | ९ | १ | ४ | ३ | ० | १ | २ | १ | ४ | ० | ४ | ० |
| ४५ देखि ४९ | १९२२ | १३ | ११ | १ | २ | ० | ० | ५ | ३ | १ | ३ | ० | ५ | ० |
| ५० देखि ५४ | १८३४ | २१ | ३७ | ० | १ | ६ | ० | १ | २ | १ | ५ | १ | ४ | ० |
| ५५ देखि ५९ | १४५६ | १२ | ३७ | ३ | ४ | ५ | ० | २ | ४ | १ | ४ | ० | ९ | ० |
| ६० देखि ६४ | १२१७ | १३ | ४३ | १ | ३ | ७ | १ | १ | २ | ० | १ | ० | ३ | ० |
| ६५ देखि ६९ | १०२५ | २० | ५९ | २ | ३ | ११ | २ | ० | १ | १ | ३ | ० | ४ | ० |
| ७० देखि ७४ | ७०९ | १६ | ५५ | २ | ५ | ९ | ० | १ | ० | ० | ० | ० | ९ | ० |
| ७५ भन्दा माथि | ६४४ | १९ | ४५ | २ | ४ | ४ | ० | ० | ० | ० | ० | ० | १२ | ० |
| **जम्मा** | ४११४१ | २४९ | ३११ | ३६ | ३९ | ६० | ८ | ४२ | ४५ | १३ | २६ | ४ | ७४ | ६ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**गाउँपालिकाको शैक्षिक अवस्था**

ओमसतिया गाँउपालिका शिक्षा क्षेत्रको विकासलाइ प्राथमिकतामा राखी सुधारका प्रयत्नहरु अँगाडी बढाईरहेको गाउँपालिका हो । गाउँपालिकाको भौतिक पूर्वाधार जस्तै शैक्षिक अवस्था समेत अन्य पालिकाको तुलनामा त्यति सन्तोषजनक देखिँदैन । भौतिक पूर्वाधारका साथै शैक्षिक गतिविधिहरूमा समेत दिनानु दिन परिवर्तनका सङ्केतहरू भने देखिन थालेका छन ।

ओमसतिया गाउँपालिकाकमा ३६ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये १६ सामुदायिक विद्यालय, १६ संस्थागत विद्यालय र ५ वटा मदरसा सञ्चालनमा रहेका छन । विद्यालयमा आधारित २१ बालविकास केन्द्र सञ्चालनमा छन् । यस पालिकामा समुदायमा अधारित बालविकास केन्द्र सञ्चालनमा छैनन । उच्च शिक्षा अन्तर्गत एउटा पनी क्याम्पस संचालन हुन सकेको छैन । अनौपचारिक तथा निरन्तर शिक्षातर्फ एउटा पनि सामुदायिक सिकाइ केन्द्र रहेका छैन । शिक्षाको माध्यमबाट देश विकासमा महत्वपूर्ण टेवा पुग्न सक्छ भन्ने मान्यताका साथ जीवन उपयोगी शिक्षा प्रदान गर्न गाउँपालिकाबाट भरमगदुर प्रयास गरिएको छ । शिक्षक विद्यार्थी अभिभावक एवं सबै शिक्षासँग सरोकारवाला पक्षसँगको समन्वय र सहकार्यमा सिकाईलाई अगाडि बढाउन सकिएमा थप सकारात्मक

नतिजा हासिल गर्न सकिन्छ भन्ने कुरामा कहिँ कसैको दुईमत नहोला तथापि शैक्षणिक सिकाई सुधारका लागि सबै शिक्षा सम्बद्ध सरोकारवाला पक्ष मिलेरै अगाडि बढ्नु वर्तमान अवस्थाको टत्कारो आवश्यकता छ। सबै शिक्षा क्षेत्रसँग सम्बद्ध सरोकारवाला पक्षहरू बीच आपसी समन्वय र सहकार्य प्रभावकारी ढंगबाट अगाडि बढाई बालबालिकाहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तरमा थप वृद्धि गरी हामी सबैले अपेक्षा गरे अनुरूपको सिकाइ उपलब्धि हासिल गर्न हामी सबैको निरन्तर प्रयास रहिरहनेछ भन्ने विश्वास छ। ओमसतिया गाँउपालिकाको शैक्षिक विबरण निम्न अनुसार रहेको छ।

तालिका नं ५

साक्षरता सम्बन्धी विवरण

| कूल साक्षरता दर | पुरूष साक्षरता दर | महिला साक्षरता दर |
|---|---|---|
| ७८.२% | ८६.७% | ७०.०% |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

तालिका नं ६

**५ बर्षभन्दा माथिको साक्षरताको अवस्था**

| उमेर | जम्मा | जनसंख्या जसले | | | नखुलाइएको |
|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न र लेख्न नसक्ने | |
| ०५ बर्ष | ६९४ | ५६२ | ६ | १२३ | ३ |
| ६ बर्ष | ८०० | ७२३ | २ | ७३ | २ |
| ७ बर्ष | ६३३ | ५८७ | ६ | ३९ | १ |
| ८ बर्ष | ७९० | ७४७ | ५ | ३८ | ० |
| ९ बर्ष | ६३६ | ६१६ | ३ | १६ | १ |
| १० बर्ष | ८४६ | ८३२ | १ | १३ | ० |
| ११ बर्ष | ५८३ | ५७६ | १ | ५ | १ |
| १२ बर्ष | ८२० | ८०८ | ० | १२ | ० |
| १३ बर्ष | ७११ | ७०५ | ० | ६ | ० |
| १४ बर्ष | ८१२ | ८०४ | ० | ८ | ० |
| १५ बर्ष | ८८४ | ८६५ | १ | १८ | ० |
| १६-१९ बर्ष | ३५५८ | ३४७९ | ० | ७८ | १ |
| २०-२४ बर्ष | ४३१५ | ४१०६ | ३ | २०४ | २ |
| २५-२९ बर्ष | ३७५९ | ३३३६ | ७ | ४१५ | १ |
| ३०-३४ बर्ष | ३१५१ | २५५२ | ७ | ५९२ | ० |
| ३५-३९ बर्ष | ३३४० | २३८३ | ९ | ९४८ | ० |
| ४०-४४ बर्ष | २६६५ | १८०५ | ९ | ८५१ | ० |
| ४५-४९ बर्ष | १९२२ | ११४४ | १० | ७६८ | ० |
| ५०-५४ बर्ष | १८३४ | ९६९ | ७ | ८५८ | ० |
| ५५-५९ बर्ष | १४५६ | ६७५ | १० | ७७१ | ० |
| ६०-६४ बर्ष | १२१७ | ५२७ | १३ | ६७७ | ० |
| ६५-६९ बर्ष | १०२५ | ४०१ | २ | ६२२ | ० |
| ७०-७४ बर्ष | ७०९ | १९४ | ३ | ५१२ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ बर्षभन्दा माथि | ६४४ | १८३ | ३ | ४५६ | २ |
| **जम्मा** | ३७८०४ | २९५७९ | १०८ | ८१०३ | १४ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

तालिका नं ७

**शैक्षिक संस्थाको विबरण**

| तहगत विद्यालय विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|
| बाल विकास केन्द्र | २१ | १५ | ३६ |
| आधारभूत तह १-५सञ्चालित | १३ | ७ | २० |
| आधारभूत तह १-८ सञ्चालित | ४ | २ | ६ |
| माध्यमिक तह १-१० सञ्चालित | ३ | ६ | ९ |
| माध्यमिक तह १-१२ सञ्चालित | २ | ० | २ |
| सामुदायिक सिकाइ केन्द्र | ० | ० | ० |

स्रोतः *EMIS dashboard 2081*

माथि उल्लेखित तालिकामा सामुदायिक विद्यालय १६ संस्थागत विद्यालय १५ र मदरसा ०५ गरी जम्मा ३६ विद्यालय रहेको देखिन्छ । बालविकास केन्द्र ३६ र पालिकामा एउटा पनि सामुदायिक सिकाइ केन्द्र रहेको छैन ।

तालिका नं ८

**वडागत सामुदायिक विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिक धार |
|---|---|---|---|---|---|---|---|
| १ | २ | १ | २ | ० | ० | १ | ० |
| २ | २ | ० | १ | १ | ० | ० | ० |
| ३ | ३ | १ | ३ | ० | ० | १ | ० |
| ४ | ० | १ | ० | ० | १ | ० | ० |
| ५ | १ | १ | ० | १ | १ | ० | ० |
| ६. | ३ | १ | २ | १ | १ | ० | ० |
| जम्मा | ११ | ५ | ८ | ३ | ३ | २ | ० |

स्रोतः *EMIS dashboard 2081*

तालिका नं ९

**वडागत संस्थागत विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ३ | ० | ० | ३ | ० | ० |
| २ | ० | १ | ० | ० | १ | ० | ० |
| ३ | २ | ० | २ | ० | ० | ० | ० |
| ४ | ३ | २ | १ | २ | २ | ० | ० |
| ५ | २ | ० | १ | १ | ० | ० | ० |
| ६ | २ | ० | ० | २ | ० | ० | ० |
| जम्मा | ९ | ६ | ४ | ५ | ६ | ० | ० |

स्रोतः *EMIS dashboard 2081*

तालिका नं १०

**वडागत धार्मिक विद्यालय विबरण**

| वडा नं | आधारभूत | माध्यमिक | कक्षा १–५ | कक्षा १–८ | कक्षा १–१० | कक्षा १–१२ | प्राविधिकधार |
|---|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ३ | ० | २ | १ | ० | ० | ० |
| ५ | १ | ० | १ | ० | ० | ० | ० |
| ६ | १ | ० | १ | ० | ० | ० | ० |
| जम्मा | ५ | ० | ४ | १ | ० | ० | ० |

स्रोतः *EMIS dashboard 2081*

ओमसतिया गाउँपालिकाको  विद्यालयहरूमध्ये सामुदायिकतर्फ कक्षा १-५ सञ्चालित ८ कक्षा १-८ सञ्चालित ३ कक्षा १-१० सञ्चालित ३ कक्षा १-१२ सञ्चालित २ विद्यालय रहेका छन् । त्यस्तै गरी संस्थतगततर्फ कक्षा १-५ सञ्चालित ४ कक्षा १-८ सचालित ५ कक्षा १-१० सञ्चालित ६ विद्यालय रहेका छन् । मदरसातर्फ कक्षा १-५ संचालित ४ र कक्षा १-८ सचालित १ वटा मदरसा छन् ।

तालिका नं ११

**तह अनुसार विद्यालय गइरहेका वालवालिकाहरूको संख्या २०८०**

| बिद्यालय | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ | जम्मा |
|---|---|---|---|---|---|
| सामुदायिक | ६८६ | १४८० | ८४६ | ३६८ | ३३८० |
| संस्थागत | ११७३ | १४४२ | ६१३ | २५४ | ३४८२ |
| धार्मिक | १६८ | ३५२ | ३६ | ० | ५५६ |
| जम्मा | २०२७ | ३६७४ | १४९५ | ६२२ | ७८१८ |

*स्रोतः IEMIS २०८१*

२०८१ मा बालविकास तर्फ २०२७, कक्षा १- ५मा ३६७४, कक्षा ६-८ मा १४९५, र कक्षा ०९-१२ मा जम्मा ६२२ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या ७८१८ रहेको छ । माध्यमिक तहको कक्षा ११ मा विद्यार्थी ढिलो भर्ना हुन गई विद्यालयहरूले समयमै रिपोर्टिङ नगरेकोले विद्यार्थी संख्या कम देखिएको छ ।

तालिका नं १२

**तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ**

| | दरबन्दी | | | | राहत अनुदान | शिक्षण सिकाइ अनुदान | शिक्षण सिकाइ अनुदान गापा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | तह | अस्थायी | स्थायी | जम्मा | | | | |
| १ | वाविके | ३० | ० | ३० | ० | ० | ० | ३० |
| २ | प्राथमिक | ३ | ५३ | ५६ | २२ | ० | ११ | ८९ |
| ३ | निम्न माध्यमिक | १ | ८ | ९ | १ | ३ | ५ | १८ |
| ४ | माध्यमिक | ० | १० | १० | ३ | ६ | ० | १९ |
| ५ | साविक उमातह | ० | ० | ० | ० | ० | ० | ० |
| | कुल जम्मा | ३४ | ७१ | १०५ | २६ | ९ | १६ | १५६ |

*स्रोतः गाउँपालिकाको तलबी प्रतिवेदन प्रथम त्रैमासिक २०८१*

### १.३ गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौति र अवसरहरूको SWOT विश्लेषण

ओमसतिया गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्यमुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ। सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ। सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ। जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेषगरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ। गाउँपालिका क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

**क) शैक्षिक समस्या**

ओमसतिया गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

१. आधारभूत विद्यालय उमेर समूहका बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु ।
२. विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु
३. आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु
४. शैक्षिक सुशासन कायम हुन नसक्नु उच्चशिक्षा प्रतिस्पर्धी उत्पादनमुखी र अनुसन्धानमूलक हुनसक्नु ।
५. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु
६. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावको रोजाइमा पर्नु
७. सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता उत्तरदायित्व र उत्प्रेरणा कमी जसले गर्दा शिक्षण पेशा रोजाइको पेशा हुन सकेको छैन शिक्षकहरूको मानमर्यादा समाजमा अन्य कर्मचारी वर्गको भन्दा तल राखिनु ।
८. विद्यालयको भौतिक अबस्था सन्तोषजनक छ यद्यपि विद्यालयहरू विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तार तीर ध्यान दिनु।
९. विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ । विद्यालयमा दण्डहीनता मौलाईरहेको छ शिक्षकले कक्षा कोठामा बिताउने समय कम रहेको छ । राम्रो शिक्षकलाई पुरस्कृत र अनुशासनहीन तथा आचारसंहिता विपरीत कार्य गर्ने शिक्षकलाई दण्ड हुन नसक्नु ।
१०. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु । शिक्षकको बृत्ती विकास अबैज्ञानिक र अपारदर्शी हुनु।
११. विज्ञान, अङ्ग्रेजी र गणित विषयका शिक्षकहरूको अझैपनि गाउँपालिकामा अभाव रहुनु प्राथमिक तहका शिक्षकहरूको संख्या बढी देखिएको भएतापनि निमावि र माविमा अभाव हुनु ।
१२. शिक्षकहरूको पेशागत विकास तालिम प्रसस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु ।
१३. कोभिड -१९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन आन्तरिक तथा बाह्य दुबै पक्षले गर्दा ज्यादै कठिन हुनु ।
१४. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन। भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ।

१५. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु ।
१६. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु ।
१७. सबै माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दीको अभाव भई न्यून वेतनमातालिम अप्राप्त र लाईसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराइनु ।
१८. विद्यालय अनुगमन निरीक्षणसुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।
१९. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको कक्षाकोठामा सही ढंगले प्रयोग हुन नसक्दा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको । दक्ष जनशक्ति स्रोत साधनको अभाव शिक्षकको अनिच्छा आदिले स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन नसक्नु ।
२०. विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण प्राय: शुन्य हुनु ।
२१. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु ।
२२. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी हुनु ।
२३. संघीय शिक्षा ऐन जारी नहुनु ।

**घ) शैक्षिक समस्याका कारणहरूः**

१. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, पालिकाका ५ देखि १२ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्याथी माथिल्लो कक्षा (कक्षा ६–८) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ ।
२. विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । अभिभावकहरु दैनिक ज्यालादारी काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउदा समेत केहि बालबालिकाहरु विद्यालय नगई घरमा नै बस्ने गरेको देखिएको छ ।
३. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुसार शिक्षक अभाव तथा अंग्रेजी माध्यम बाट शिक्षण सिकाई संचालन गनुपर्ने भएकाले निजि स्रोत शिक्षक ब्यवस्थापनार्थ मासिक रुपमा शुल्क नलिएपनि भर्नाको समयमा अभिभावकबाट आर्थिक सहयोग लिने गरिएकोले आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क छ भन्न सकिएको छैन ।
४. स्थानीय तहमा शैक्षिक सुशासन कायम हुन नसक्नु र उच्चशिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी, र अनुसन्धानमूलक हुन नसक्नुको प्रमुख कारण सीमित स्रोत र क्षमता, असंगठित व्यवस्थापन, र प्रबन्धकीय कमजोरी हो, जसले संस्थागत प्रभावकारिता र नवप्रवर्तनलाई रोक्दछ।
५. स्थानीय आवश्यकता र प्राथमिकतासँग मेल नखाने शिक्षा नीति र कार्यान्वयनका कारण सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन सकेको छैन ।
६. सामुदायिक विद्यालयका सिकाई उपलब्धि न्यून रहेको कारणले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छन, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्ने गरेका छन ।
७. शिक्षकलाइ शैक्षिक पेसागत विकासका अवसरहरू कम प्रदान गरिनु, उत्प्रेरणाका लागि कम सेवा सुविधा तथा शिक्षकलाइ पुरस्कार र दण्डको ब्यवस्था नहुनु पनि हो ।
८. पूवार्धारको विकासलाइ मात्र समुदाय तथा विद्यालय ब्यवस्थापन पक्षले चासोका रूपमा लिनु पूर्वाधारको विकासलाइ मात्र विकासको रूपमा लिएपनि गुणस्तरको विकासलाइ चासो दिएको पाइदैन ।
९. शिक्षण पेसाप्रति कम उत्प्रेरणा र शिक्षकहरू विद्यार्थीको सिकाइप्रति जिम्मेवार नहुनाले विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ ।
१०. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु

११. संघ सरकारले विज्ञान, अङ्ग्रेजी र गणित विषयका कम दरबन्दी उपलब्ध गराउनु, संघीय शिक्षण सिकाई अनुदान कम हुनु, गा.पा शिक्षण सिकाई अनुदान शिक्षक ब्यवस्थापन गर्न पालिका सँग स्रोतको अभाव हुनु तथा विद्यालयले निजि स्रोत शिक्षक ब्यवस्थापन गर्न नसक्दा नि.मा.वि र मा.वि तहमा विद्यार्थी सँख्याको आधारमा शिक्षक दरवन्दी कम भएको छ ।

१२. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणको कमीले शिक्षकहरूको पेशागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सीप कक्षाकोठा शिक्षणमा कम प्रयोग हुन सकेको छैन ।

१३. पारिवारिक आर्थिक अवस्था, सबै विद्यार्थीले प्रविधिको प्रयोग गर्न नसक्नु, वैकल्पिक सिकाई विधिको कम प्रयोगका कारणले कोभिड १९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम भएकाले विद्यार्थीको सिकाईमा क्षती हुन पुगेको छ ।

१४. शिक्षक विद्यार्थी निर्मित सिकाई सामाग्रीलाई प्राथमिकता नदिईनु, बजारमा पाईने शैक्षिक सामाग्री खरिद गर्न श्रोतको अभाव, शैक्षिक सामाग्री खरिदका लागि ३ वटै तहबाट बजेटको ब्यवस्था नहुनुले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।

१५. सिकाइमा सूचना तथा संचार प्रविधि प्रयोग गरि शिक्षण गर्न विद्यालयसँग स्रोतको अभाव छ उपलब्ध स्रोतको प्रयोग गर्न पनि शिक्षकलाई प्रविधिमैत्री तालिम संचालन गर्न नसक्दा शिक्षकहरुमा प्राविधिक ज्ञानको कमी छ ।

१६. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकिय जिम्मेवारी हुनुपर्ने भएपनि भाौतिक पूर्वाधार विकास र शिक्षक ब्यवस्थापनमा बढी जिम्मेवार भएपनि गुणस्तर सुधारका याोजनामा काम गर्ने क्षमता नहुनु ।

१७. विषयगत दरबन्दीको अभावका कारणले केही माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा भई न्यून वेतनमा तालिम अप्राप्त र लाईसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराउनु परेको छ ।

१८. पालिका तहमा अनुगमन, मूल्यांकन र पृष्ठपोषण तथा शिक्षक सहायताका कार्यका लागि मानवश्रोतको अवस्था कम रहेको, विज्ञ समुहलाई निरन्तर परिचालनका लागि श्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन सकिरहेको छैन ।

१९. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामाग्रीको तालमेल , शिक्षक निर्देशिकालाई कम अनुशरण र शिक्षकको शिक्षण तयारी कम भएकाले कक्षाकोठामा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

२०. परिक्षा केन्द्रित शिक्षण प्रणालीको निरन्तरता, अभिभावकलाई परिक्षा प्रणलीको चाहाना तथा कक्षाकोठामा आधारित मूल्यांकन र उपचारात्मक शिक्षणको प्रयोग कम भएका कारण निरन्तर विद्यार्थी मूल्यांकनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

२१. उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार नहुदा शैक्षिक उपलब्धि कमजोर हुनु, शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न सकिएको छैन ।

२२. विषयगत दरवन्दी अभावका कारणले प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने जिम्मेवारी भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी देखिएको छ ।

२३. संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नितीगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता देखिएको छ ।

**ग) चुनौतिहरू**

१. सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण कम भएको छ ।
२. शिक्षकहरूलाई  पेसागत सहयोग उपलब्ध गराउन पालिका स्तरमा विज्ञको अभाव रहेको छ ।
३. निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवहारिक कार्यान्वयन गराउन सकिएको छैन ।
४. विषयगत दक्ष शिक्षकको पर्याप्तता छैन तल्ले तहका शिक्षकले माथिको तहमा अध्यापन गराउनु परेके छ ।
५. नवीनतम प्रविधिको पहुँच र उपयोग गरि प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न सकिएको छैन ।

६. पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्री उपलब्ध र प्रयोग हुन सकेको छैन ।
७. अपाङ्गता भएका बालबालिकाको विद्यालयमा पहुँच कम छ ।
८. तथ्याङ्क विश्लेषण गरि विद्यालय शिक्षामा पहुँचयुक्तता, गुणस्तर र सान्दर्भिकताका अवस्था यकिन गर्न सकिएको छैन ।
९. बालबालिकाप्रित अभिभावकको कम चासो तथा विद्यार्थी निरन्तरतामा कमी रहेको छ
१०. विपदको समयमा बैकिल्पिक शिक्षाको निरन्तरता हुन सकेको छैन ।

**ग) अवसरहरू**

१. आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार
३. स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता
४. गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह
५. विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि
६. सकरात्मक लैङ्गिक समता सूचकाङ्क
७. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता
८. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता
९. तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य
१०. मूल्याङ्कन प्रतिवेदन
११. कार्यसम्पादनमा आधारित करार

## परिच्छेद २: दूरदृष्टि, उद्धेश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ ओमसतिया गाउँपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः

ओमसतिया गाउँपालिकाले शिक्षालाई सधैं पहिलो प्राथमिकतामा राखेको छ । नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण बिषयका रुपमा आत्मसाथ गर्दै आएको छ । साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरू समेत गरेको छ। विद्यालयमा नयाँ नेतृत्व विकास, शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदाको व्यवस्थागरिनेछ। कम्तिमा एक सामुदायिक विद्यालयमा एक बाल विकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको अवलम्बन गरिनेछ । साथै निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यम बाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी साविकका गाविसहरूलाई साक्षर गाविसको रुपमा घोषणाभई रुपन्देही जिल्ला समेत साक्षर जिल्ला घोसणा गरी सकिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक बर्ष विशेष महत्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ । बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तह सम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा लागु गरिनेछ । शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ। उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहेन्दार छात्र छात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ। यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुदैं आइरहेको छ । मुलुकको समृद्धि र समुन्नतिका लागिआवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यस पालिका शिक्षाको लागिसबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ। यही सन्दर्भलाई दृष्टीगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा पालिकाले अवको १० वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटिने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरीएको छ।

ओमसतिया गाउँपालिकाको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नकोलागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन्। नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुर्याउनु राज्यको दायित्व हो । हाल स्थानीय तह ओमसतिया गाउँपालिका गाउँ कार्यपालिकाको मातहतमा शिक्षा शाखाको रुपमा स्थापना भई सेवा प्रवाह गर्दै आएको छ। ओमसतिया गाउँ पालिकाको शैक्षिक सुधार एवं विकासका लागि जनमुखी,जवाफदेही,पारदर्शीतथा जनसहभागितामूलक,शैक्षिक प्रशासनको विकास गर्न र शिक्षाको प्रतिफल सरोकारवालालाई उपलव्ध गराई कानुनको शासन भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासनतथा स्रोतको कुशल वयवस्थापन जस्ता अशल शासनका आधारभूत मान्यतालाई आत्मासात गरी सर्वसाधारणमा गुणस्तरीय शैक्षिक सेवा छिटोछरितो र कम खर्चिलो ढङ्गबाट प्रदान गर्ने अवस्था सिर्जना गर्न गाउँ शिक्षा समितिको व्यवस्था गरिएको छ। शिक्षा समिति एउटा शैक्षिक एकाइको रुपमा रहेको शिक्षा क्षेत्रको सुदृढ र विकास गर्न गाउँ शिक्षा समितिले शिक्षा शाखालाई प्रभावकारी, उत्तरदायी र प्राविधिक सेवा प्रदान गर्ने शैक्षिक खम्बाको रुपमा कार्य गर्ने सवल,सक्षम संस्थाको रुपमा प्रस्तुत हुने सम्मानजनक आधारहरू तयार गरिरहेको अवस्था छ । त्यसैले ओमसतिया गाउँपालिकाले पनि संघीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम तपशिलमा उल्लेख गरे अनुसारका आधारमा दशवर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ।

१. स्थानीय आवश्यकताहरूको पहिचानः  समुदायका बालबालिका, शिक्षक, र अभिभावकहरूको आवश्यकता तथा समावेशी समानताका आधारमा सबैलाई शिक्षा क्षेत्रमा समेट्नका लागि स्थानीय सरोकारवालाहरुसँग छलफल गरियो । यसबाट शिक्षा क्षेत्रको प्राथमिकता र चुनौतिहरू पहिचान गर्न सहज भएको छ ।

२. स्रोत र पूर्वाधारको मूल्याङ्कनः  विद्यालयको भौतिक पूर्वाधार, जनशक्ति, सिकाइ सामग्री, र वित्तीय स्रोतको उपलब्धता र अवस्था अध्ययन गरिएको छ ।

३. समावेशी शिक्षाः  महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति, र अन्य पिछडिएको समुदायको शिक्षामा पहुँचलाई प्राथमिकतामा राखिएको छ ।

४. नीतिगत निर्देशनः नेपाल सरकारको शिक्षा नीति, संविधानमा व्यवस्था भएका शिक्षा अधिकारहरू, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ (योजना निर्माण सम्बन्धी), अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, १६औं योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८), ओमसतिया गाउँपालिकाको आवधिक योजना, स्थानीय तहको शिक्षा योजना निर्माण मार्गदर्शन २०७९, सिकाई आपूरण तथा द्रुत सिकाई योजना र अन्तर्राष्ट्रिय शिक्षा मानकहरूको अध्ययन गरी तिनलाई योजना निर्माणमा समावेश गरियो ।

५. गुणस्तरीय शिक्षा प्रवर्धन :  गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न पाठ्यक्रम, शिक्षक तालिम, प्रविधिमैत्री सिकाई, बालमैत्री शिक्षण सिकाई विधि र सिकाइको अनुगमन तथा मूल्याङ्कनलाई आधार बनाईयो ।

६. सहकार्य र साझेदारीः तीनवटै तहका सरकार (संघ, प्रदेश र स्थानीय) का विचमा आपसी समन्वय, शिक्षामा सुधार गर्न स्थानीय संघसंस्था, गैरसरकारी संस्था, र समुदायसँगको सहकार्य र साझेदारीलाई ध्यानमा राखीएको ।

७. दिगो विकास लक्ष्यहरू (SDGs): विशेष गरी चौथो लक्ष्य (गुणस्तरीय शिक्षा) लाई ध्यानमा राखिएको, जसले समग्र शिक्षा प्रणालीमा सुधार ल्याउने उद्देश्य राख्दछ ।

८. पूर्व अनुभव र उपलब्धिः  गाउँपालिकाको विगतका शिक्षासम्बन्धि क्रियाकलापहरुको समीक्षा गरी तिनबाट सिकेका पाठहरूलाई योजनामा समावेश गरिएको ।

### २.२ ओमसतिया गाउँपालिकाको दीर्घकालीन सोंच तथा गन्तव्य

"युग सुहाउदो शिक्षा प्रणाली अवलम्बन गरी जीवनोपयोगी एवं रोजगारमूलक शिक्षामार्फत समृद्ध ओमसतिया र सुखी ओमसतियाबासी बनाउन योगदान गर्ने"

### २.३ लक्ष्य (Goal)

अबको १० वर्षसम्म सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरी,सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने।

### २.४ उद्देश्यहरू

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्नको लागि शिक्षामा पहुँच र गुणस्तर वृद्धी गर्नु ,
२. सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु,

३. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,
४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु,
५. प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,
६. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउनु,
७. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्नु,
८. विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयकोविकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार गर्नु,
९. सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्नु,
१०. सार्बजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्नु,
११. सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्नु,
१२. विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउनु,

**२.५ रणनीति तथा कार्यनीतिहरू**

**क) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिस्चित गर्नको लागि सेवामा पहुँच र गुणस्तर वृद्दी गर्ने ।**

१. सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिनेछ ।
२. बालविकासको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गरिनेछ ।
३. लोपोन्मुख तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूना कार्यक्रमहरू विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।
४. बालविकासको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ ।

**ख) सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने ।**

१. विद्यालय नक्साङ्कन गरिनेछ ।
२. विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गरिनेछ ।
३. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।
४. प्रारम्भिक कक्षा सिकाइ सम्बन्धि क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गरिनेछ ।
५. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
६. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरिनेछ ।
७. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।

८. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने प्रयास गरिनेछ ।
९. कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने प्रयास गरिनेछ ।
१०. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
११. मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याइनेछ ।
१२. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने प्रयास गरिनेछ ।
१३. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ ।
१४. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
१५. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गरिनेछ ।
१६. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन,उपयोग तथा सामाजिक साँस्कृतिक विविधताकोसम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रियाके प्रयोग गरिनेछ ।
१७. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
१८. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गरिनेछ ।
१९. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिनेछ ।
२०. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ ।
२१. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरिनेछ ।
२२. शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गरिनेछ ।

**ग) माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउने ।**

१. विद्यालयहरूको नक्साङ्कन गरिनेछ ।
२. सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ ।
३. नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ ।
४. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाइनेछ ।
५. विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
६. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गरिनेछ ।
७. माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्था गरिनेछ ।
८. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गरिनेछ ।
९. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१०. शिक्षण सिकाइ पद्धतिमा सुधार गरिनेछ ।
११. हरेक विद्यालयमा सूचना तथा प्रविधि विस्तार गरिनेछ ।
१२. विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने प्रयास गरिनेछ ।
१३. आवधिक सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।

**घ) उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने ।**

१. स्थानीय तह क्षेत्रभित्र आवश्यकता अनुसार उच्च शिक्षा प्रदान गर्ने संस्थाहरू स्थापना गर्ने प्रयास गरिनेछ ।
२. खुला शिक्षा लगायतका व्यवस्थामार्फत समेत उच्च शिक्षामा पहुँचवृद्धिका लागि पहल गरिनेछ ।

३. महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।
४. विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसर उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।
५. स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गरिनेछ ।
६. आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

**ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सम्बन्धित संस्थाहरू र सरोकारवालाहरूसँग समन्वय गरिनेछ ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने प्रयास गरिनेछ ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गरिनेछ ।
४. महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गरिनेछ ।

**च) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान,सिप र अभिबृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार बनाउने ।**

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिनेछ ।
२. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गरिनेछ ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिनेछ ।
४. विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिनेछ ।
६. शिक्षकको पेसागत सक्षमता विकास गरिनेछ ।
७. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ ।
८. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गर्न सक्ने शिक्षक व्यवस्थापन गरिनेछ ।
९. विद्यालमा आधारित सहयोग पद्धति विकास गरिनेछ ।
१०. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।
११. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइनेछ ।
१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिनेछ ।

**छ) गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
७. शिक्षक नियुक्ति, सरुवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने,

ज) **विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ बनाउदै विद्यालयकोविकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने र गुणस्तरीय तथा समतामलूक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार गर्ने ।**

१. विद्यालयको सुधार योजना बनाई कार्यान्वयन गरिने,
२. शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाइने,
३. विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिने,
४. विद्यालय नक्साङ्कन गरी विद्यालय समायोजन तथा स्थापना गरिने,
५. शिक्षक दरबन्दी मिलान तथा ऐन कानुनबमोजिमको प्रधानाध्यापक नियुक्ति,
६. विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियम तयार गरी कार्यान्वयन गरिने,
७. विद्यालयले वार्षिक कार्य सम्पादनको स्वमूल्याङ्कन गरी अभिभावक भेला मार्फत सार्वजनिक गरिने,
८. नियमित रूपमा विद्यालयको लेखा तथा सामाजिक परिक्षण गरिने,
९. विद्यालयको विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिने,
१०. विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागिता, पारदर्शिता, र जवाफदेहिताको सुनिश्चितता गरिने,
११. नियमित रूपमा विभिन्न समितिहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने।

**झ) सबै निरक्षरहरूलाइ पूर्ण साक्षर बनाई नागरिकको जीवनस्तरमा सुधार गर्ने ।**

१. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने,
२. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विवधता अनुरूपका सामग्रीको प्रयोग गरिने,
३. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने,
४. सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइ थलोका रूपमा विकास गरिने।

**ञ) सार्वजनिक शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने ।**

१. शैक्षिक संस्थाहरूमा उपयुक्त सिकाइ वातावरण सुनिश्चित हुनेगरी भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन गरिने,

२. सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संसथाहरूमा पेसागत रूपमा दक्ष, स्वप्रेरित र उत्तरदायी शिक्षक उपलब्ध गराइने,
३. शिक्षण पेसामा उच्चयोग्यता र सिप भएका मेधावी व्यक्तिहरू प्रवेश गर्ने वातावरण सिर्जना गरिने,
४. विद्यामान राष्ट्रिय शैक्षिक गुणस्तर मानक तथा मापदण्ड प्रयोगमा ल्याउने,
५. शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षालाई सामयिक बनाउन आधुनिक प्रविधिमैत्री क्रियाकलापमाआधारित विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
६. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धिका लागि पर्याप्त पठन सामग्रीको व्यवस्था, प्रारम्भिक कक्षा शिक्षण पद्धतिको प्रयोग, शिक्षक पेसागत विकास तथा पेसागत सहयोग उपलब्ध गराउने,
७. प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि उनीहरूको मातृभाषामा शिक्षण सिकाइ हुने वातावरण सृजना गर्ने,
८. विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पुस्तकालय, प्रयोगशाला, Computer Lab आदिको व्यवस्था गरिने,
९. कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन तथा आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण, विश्लेषण, तथा समीक्षा गरी निरन्तर पृष्ठपोषणको लागि संयन्त्र तयार गर्ने,
१०. सार्वजनिक शिक्षामा सुशासन प्रवर्धन गर्न नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्त्व प्रणाली तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिने।

**ट) शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने**

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
२. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
३. आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
४. आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने,
५. शिक्षण सिकाइमा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने,
६. आवश्यकताअनुसार पोसाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने,
७. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
८. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने,
९. विद्यालयमा अभिभावकको सहभागिता बढाइने,
१०. शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने,
११. समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।

**ठ) सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रबर्द्धन गर्ने ।**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
२. सबै शिक्षकहरूको क्षमता विकास गरिने,
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,

६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
७. आवश्यकता अनुसार सामूदायिक अध्ययन केन्द्रहरूमा स्थापना गरिने,

**ड) विपद्‌को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्याउने ।**

१. विपद्‌को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
२. सम्भावित प्रकोप तथा विपद्‌सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने,
३. प्रकोपबाट शिक्षा क्षेत्रलाई जोगाउन आवश्यक तयारी,
४. कोभिड- १९ लगायतका महामरीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी,
५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी,
६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मुल्यांकन  तथा विश्लेषण,
७. संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने,
८. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,
९. विपद प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने,
१०. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
११. विपद् व्यवस्थापनको लागि स्थानीय तहमार्फत  विद्यालयको क्षमता विकास गर्ने,
१२. विपद तथा प्रकोप, शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,
१३. विपद व्यवस्थापनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफल अभ्यासलाई स्थानीयकृत गर्ने,
१४. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने

### २.६ अपेक्षित उपलब्धि

यस योजनाको कार्यान्वयनबाट निम्न लिखित उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :

- सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा माध्यमिक शिक्षा र प्राविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ ।
- विद्यालयहरूमा शैक्षिक सुशासन कायम भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।
- योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुनेछ ।
- विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुनेछ ।
- बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुनेछ ।
- आपतकालीन अवस्था र सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुनेछ ।
- बालबालिकाहरूलाई सुरक्षित, उच्च व्यवस्थापनयुक्त, उपयुक्त र बालमैत्री भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुनेछ ।
- विद्यालयमा सूचना सञ्चार प्रविधिको विस्तार भइ  समयानुकूल, प्रविधियुक्त गुणस्तरीय शिक्षा बनाउन सहयोग पुग्नेछ ।
- विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य अधारबर्ष २०८१ लाइ मानेर निम्न बमोजिम निर्धारण गरिएको छ :

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर आधार बर्ष २०८१ | लुम्बिनीको आधार बर्ष २०८१ | रूपन्देहीको आधार बर्ष २०८१ | ओमसतियाको आधार बर्ष २०८१ | ओमसतिया गापाको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८७ | २०९० |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९९.९ | १०६.८ | १२०.२ | ९३.८ | ९४ | ९७ | १०० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ७०.६ | ७२.६ | ७१.४ | ४८.२ | ५५ | ६५ | ८० |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ७६.९ | ८४.३ | ८६.८ | ९५.५ | ९६ | ९८ | १०० |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.८२ | ०.८१ | ०.७९ | ०.७८ | ०.७० | ०.४० | ०.२५ |
| ५ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९५.७ | ९५.८ | ९५.७ | ९६.३ | ९७.० | ९८.० | ९९.० |
| ६ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | ११५.९ | ११९.५ | ११७.९ | १००.३ | १०० | १०० | १०० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.६ | ९५.५ | ९५.५ | ९५.३ | ९६ | ९७.५ | ९९.० |
| ८ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२४.८ | १२८.४ | १२८.२ | ९७.० | ९८.० | ९९.० | १०० |
| ९ | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९२ | ०.९१ | ०.८९ | ०.९९ | ०.८० | ०.५० | ०.२५ |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९५.२ | ९५.१ | ९५.२ | ९४.९ | ९६ | ९७.५ | ९९.० |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | १२१.६ | १२३.९ | १२५.१ | ९७.० | ९८.० | ९९.० | १०० |
| १२ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.३ | ८६.२ | ८५.९ | ८१.८ | ८५.० | ८७.० | ९० |
| १३ | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९३ | ०.९१ | ०.८७ | १.०४ | ०.९० | ०.७० | ०.५० |
| १४ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७६.५ | ७५.७ | ७६.२ | ७८.४ | ८०.० | ८५.० | ९०.० |
| १५ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ९८.७ | ९६.८ | १०६.९ | ८५.९ | ८७.० | ९०.० | ९३.० |
| १६ | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ | ०.९७ | ०.८७ | १.१४ | ०.९५ | ०.७० | ०.५० |
| १७ | माध्यमिक तह कक्षा ११ देखि १२ को | ३७.१ | ३५.९ | ३७.८ | १.४ | १५.० | २५.० | ५०.० |

| क्र.सं. | सूचक | राष्ट्रिय स्तर आधार बर्ष २०८१ | लुम्बिनीको आधार बर्ष २०८१ | रूपन्देहीको आधार बर्ष २०८१ | ओमसतियाको आधार बर्ष २०८१ | ओमसतिया गापाको लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३ | २०८७ | २०९० |
| | खुद भर्ना दर | | | | | | | |
| १८ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ६७.७ | ६६.० | ८२.७ | ७.६ | १५.५ | ३०.० | ६०.० |
| १९ | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०२ | १.०६ | ०.८४ | २.१५ | २.० | १.८० | १.५० |
| २० | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ५६.८ | ५५.२ | ५६.१ | ३६.८ | ४०.० | ४५.० | ५०.० |
| २१ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ८३.२ | ८०.९ | ९४.२ | ४३.५ | ५०.० | ५५.५ | ६३.५ |
| २२ | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ | १.०१ | ०.८५ | १.२१ | १.१५ | १.० | ०.९५ |
| २३ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८२.९ | ७६.० | ८९.५ | ९२.० | ९४.५ | ९७.० |
| २४ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८७.० | ८६.२ | ८९.५ | ९२.० | ९५.० |
| २५ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ८९.९ | ९३.५ | ९५.५ | ९६.० | ९७.० |
| २६ | कक्षा चढ्ने दर ११ देखि १२ | ९१.३ | ९१.२ | ९१.१ | ९७.२ | ९८.१ | ९८.३ | ९९.० |
| २७ | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ८.७ | ९.५ | १४.० | ४.५ | ४.० | ३.७ | ३.० |
| २८ | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ५.२ | ६.३ | ५.१ | ८.१ | ७.५ | ६.२ | ५.० |
| २९ | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | २.२ | २.३ | ३.८ | ३.७ | ३.३ | ३.० | २.५ |
| ३० | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.८ | ०.५ | २.५ | ०.० | ०.० | ०.० | ०.० |
| ३१ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ३.२ | ३.३ | ५.० | ३.१ | २.९ | २.५ | २.१ |
| ३२ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | २.८ | २.९ | ३.७ | ३.० | २.७ | २.१ | १.७ |
| ३३ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ | २.१ | ३.० | १.५ | १.५ | १.३ | १.० |
| ३४ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.९ | १.० | १.३ | ०.० | ०.० | ०.० | ०.० |
| ३५ | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ | ४.३ | ४.९ | २.९ | ३.५ | ३.९ | ४.५ |
| ३६ | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ३.८ | ३.६ | ४.३ | २.६ | ३.२ | ३.८ | ४.५ |
| ३७ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | २.५ | २.५ | ३.३ | १.३ | १.७ | २.० | २.५ |
| ३८ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | ७.८ | ७.९ | ७.६ | २.८ | ३.१ | ३.५ | ३.९ |

*Source: CEHRD Flash report 2081*

# परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ पृष्ठभूमि

बालबालिकाको संवेगात्मक, शारिरीक, मानसिक विकास गरी सृजशनशील बनाउन तथा बालबालिकाको औपचारिक शिक्षा सुरुवात गर्न प्रारम्भिक बालविकासको निकै महत्व छ। प्रारम्भिक कक्षामा बालबालिका लाई पढाउने भन्दा पनि औपचारिक शिक्षा लिन तयार गर्ने गरिन्छ । बालबालिकाको मानसिक, संवेगात्मक, सामाजिक संस्कार तथा सृजशनील बनाउनका लागि बालमैत्री बिधिबाट बालबालिकालाई सिकाउने गरिन्छ। जस्तै चित्र कोर्ने, खेल खेल्ने, सामाजिक रितिरिवाज तथा जीवन उपयोगी सीपको बिकास गरी कक्षा १ मा भर्ना गर्न बालबालिकालाई तयार गर्ने। विशेष गरी ५ बर्षमुनिका बालबालिकाई लक्षित गरी प्रारम्भिक कक्षामा पठाउने गरिन्छ। अहिले नेपालमा विद्यालयमा आधारित तथा समुदायमा आधारित दुई किसिमका बालविकास केन्द्रहरु संचालन भईरहेका छन । निजी क्षेत्रका विद्यालयले बिभिन्न नाम दिई प्रारम्भिक बालविकास कार्यक्रम संचालन गर्दे आईहेको छन। प्रारम्भिक बालविकास तथा बाल शिक्षाकले बालवालिकाको औपचारिक शिक्षा लिन तथा कक्षा १ मा भर्ना गर्न बालवालिकाहरुलाई तयार गरेको विभिन्न तथ्याङक तथा प्रतिवेदन देखाईएको छ। नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, तथा राष्ट्रिय शिक्षा नीति तथा सोह्रौ योजनामा चार वर्ष उमेर पुगेका बालवालिकाका लागि १ वर्षे प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ ।

देश संघीय संरचनामा गएपश्चात् माध्यमिक तह सम्मको शिक्षाको संचालन र व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ। सोही अधिकार अन्तर्गत रहि ओमसतिया गाउँपालिकाले माध्यमिक तह सम्मको शिक्षाको संचालन एवं व्यवस्थापन गर्दै आएको छ। जस अन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा पनि पर्दछ। ४ वर्ष पूरा गरेका बालबालिकाहरुका लागि १ वर्षको कक्षा संचालन गरी कक्षा १ मा प्रारम्भिक बालविकासको अनुभव सहितको विद्यार्थी भर्ना गर्ने व्यवस्था रहेको छ। सामुदायिक विद्यालय र मदरसातर्फ २१ वटा र संस्थागततर्फ १५ गरी जम्मा ३६ वटा प्रारम्भिक बालशिक्षा कक्षाहरु संचालनमा रहेका छन्। शैक्षिक सत्र २०८० को फ्लास तथ्यांकको आधारमा खुद भर्नादर जम्मा ४८.२ प्रतिशत मात्र देखिन्छ भने कुल भर्नादर ९३.८ प्रतिशत रहेको छ । यसबाट के देखिन्छ भने प्रारम्भिक बालविकास उमेर समूहका ११.३० प्रतिशत बालबालिकाहरु उपयुक्त उमेरमा बालविकासमा भर्ना भएको देखिदैन। संख्यात्मक आधारमा सामुदायिक विद्यालयमा ८५४ जना र संस्थागत विद्यालयमा ११७३ गरी जम्मा २०२७ जना विद्यार्थी अध्ययनरत रहेका छन्। शैक्षिक सत्र २०८० को फ्लास तथ्यांकको आधारमा कक्षा १ मा भर्ना हुने विद्यार्थी मध्ये ९५.५ प्रतिशत प्रारम्भिक बालविकास कक्षाको अनुभव सहित भर्ना हुन आउने रहेका छन् ।

### ३.१.२ वर्तमान अवस्था

यस पालिकामा सामुदायिक वालबिकास तर्फ महिला शिक्षक संख्या ३० जना रहेकोमा प्रतिशतका आधारमा शत प्रतिशत र शैक्षिक योग्यताको आधारमा सबैजना १२ कक्षा भन्दा माथि अध्ययन पुरा गरेको देखिन्छ। प्रारम्भिक बालविकास र शिक्षाको शिक्षकहरु मध्ये सवैजसो शिक्षकहरु छोटो अवधिको तालिम प्राप्त छन भने सवै शिक्षकहरुलाइ पूर्णकालिन तालिम प्रदान गर्नुपर्ने अवस्था देखिन्छ। वालविकास शिक्षकहरु शिक्षक छनौट परीक्षामा उत्तीर्ण भइ जाने र वालविकास शिक्षकहरु फेरवदल भइरहने हुनाले पूर्णकालिन तालिम प्रदानमा समेत अस्थिरता रहेको देखिन्छ। अभिभावकको आर्थिक अवस्था कमजोर हुनुका साथै शिक्षित अभिभावकको संख्या न्यून रहेकोले विद्यार्थीको सिकाइ र नियमित उपस्थितिमा समेत समस्या देखिने गरेको छ ।

तालिका नं:१३

प्रारम्भिक बालविकासको अवस्था

| क्र.स. | नाम | सहजकर्ताको तालिमको अवस्था | | छुट्टै कोठाको व्यवस्था | | बसाई व्यवस्था | | | भित्ता सजावट | | | सिकाई सामाग्री व्यवस्था | | खेल सामाग्री व्यवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिम पाएको | तालिम नपाएको | छ | छैन | खाली भुँई उपयुक्त | फर्निचर सहित | कार्पेटिङ मात्र | छ | छैन | राम्रो | ठीकै | नभएको | Indoor out door दुवै | Indoor मात्र | out door मात्र | कुनै छैन | |
| १ | पडसरी आ.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | ✓ | | | □ |
| २ | बसन्तपुर दशरथ जनता मा.वि | ✓ | | ✓ | | | | ✓ | | ✓ | | ✓ | | | ✓ | | | |
| ३ | मदरसा कादरिया अहले सुन्नत समसुल वलुम | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | | | ✓ | |
| ४ | ओमसतिया आ.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | ✓ | | | | |
| ५ | गंगा विशुन आ.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | ✓ | | | | |
| ६ | शमसेर स्मृति आ.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | ✓ | | | | |
| ७ | छोटकी रामनगर मा.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | ✓ | | | | |
| ८ | जनता आ.वि | ✓ | | ✓ | | | | ✓ | | | ✓ | | | ✓ | | | | |
| ९ | पट्खौली मा.वि | ✓ | | ✓ | | | | ✓ | | | ✓ | | | ✓ | | | | |
| १० | मदरसा कादरिया अहले सुन्नत मिसबाहुल वलुम | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | ✓ | | | | |
| ११ | मदरसा जियाउल वलुम | ✓ | | ✓ | | | | ✓ | | | ✓ | | ✓ | | | | ✓ | |
| १२ | सगरमाथा आ.वि | ✓ | | ✓ | | | | ✓ | | ✓ | | | ✓ | | | | ✓ | |
| १३ | कोटही आ.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | | ✓ | | | | ✓ | |
| १४ | रामजानकी आ.वि | ✓ | | ✓ | | | | ✓ | | ✓ | | ✓ | | ✓ | | | | |
| १५ | रोहिणी विद्याश्रम आ.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | | ✓ | | |
| १६ | ठूटिपिपल मा.वि | ✓ | | ✓ | | | | ✓ | | | ✓ | | | | ✓ | | | |
| १७ | मदरसा कादरिया अहले सुन्नत फैजुल वलुम | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | ✓ | | | |
| १८ | भविष्य निर्माण आ.वि | ✓ | | ✓ | | | ✓ | | ✓ | | | ✓ | | | ✓ | | | |
| १९ | सिर्जना आ.वि | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | ✓ | | | |
| २० | मदरसा गौरी | ✓ | | ✓ | | | | ✓ | ✓ | | | ✓ | | | | ✓ | | |
| २१ | जनजागृती मा.वि | ✓ | | ✓ | | | ✓ | □ | ✓ | | | ✓ | | | ✓ | | | |

*स्रोतः प्र.अ हरूबाट संकलित तथ्यांक*

२०८१ को फ्लास रिपोर्ट अनुसार बालविकास शिक्षाको सूचक यसप्रकार रहेको छ ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर | ९३.८ |

| | | |
|---|---|---|
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर | ४८.२ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | ९५.५ |
| ४ | प्रारम्भिक बालविकास तहको लैङ्गिक समता सूचकाङ्क | ०.७८ |

स्रोतः *CEHRD flash report 2080*

सामुदायिक विद्यालयतर्फ (मदरसा समेत) र संस्थागत विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षा सञ्चालनहुने विद्यालय र लाभान्वित बालबालिकाको वडागत अवस्था तपशिल बमोजिम रहेको छ ।

तालिका नं:१४
वडागत बिद्यार्थी बिवरण

| क्र.सं. | वडा नं. | बालविकास केन्द्र | बालबालिकाको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ६ | २८४ | |
| २ | २ | ३ | २५० | |
| ३ | ३ | ६ | ३१६ | |
| ४ | ४ | ९ | ६८२ | |
| ५ | ५ | ५ | ३१२ | |
| ६ | ६ | ७ | ३०३ | |
| **जम्मा** | | **३६** | **२०२७** | |

स्रोतः *Omsatiya EMIS dashboard 2081*

प्रारम्भिक बालविकास र शिक्षामा संघीय सरकारको अनुदान शिक्षकको पारिश्रमिकमा खर्च जसमध्ये प्रति बालविकास सहजकर्ताका लागि संघीय सरकारबाट प्राप्त हुने रकम रु. १०,०००/- छ भने गाउँपालिकाको आन्तरिक स्रोतबाट रु. ५०००/- गरि शिक्षकहरुलाई जम्मा पारिश्रमिक रु. १५,०००/- उपलब्ध गराइएको छ। यसलाई हेर्दा प्रारम्भिक बालविकास सहजकर्ताका लागि पालिकाले लगानी गर्नुपरेकाले शिक्षाको भौतिक र कक्षाकोठाको सिकाइ व्यवस्थापनमा बजेटको अभाव देखिएको छ।

**समस्या र चुनौतीहरू**

१. भौतिक व्यवस्थापन अन्तर्गत कक्षाकोठा उपयुक्त व्यवस्था,
२. शैक्षिक सामग्रीहरुको प्रबन्ध,
३. तालिम अप्राप्त सहयोगी कार्यकर्ता,
४. न्यून पारिश्रमिक,
५. दिवा खाजाको व्यवस्था,
६. शारिरीक परीक्षण र अभिभावक परामर्श,
७. गाउँपालिकाको शिक्षामा मुलतः समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रको अपर्याप्तता र असन्तुलित विस्तार हुनु तथा वैज्ञानिक नक्साङ्कन हुन नसक्नु,
८. प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु,
९. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको स्थायित्व नहुनु,
१०. केहि सहजकर्ताको शैक्षिक योग्यता न्यून हुनु र तालिमको व्यवस्थापन नहुनु
११. सुविधा न्यून हुनु बालविकास केन्द्रमा कमजोर भैतिक संरचना,

१२. बालविकास केन्द्र व्यवस्थापन कोषको अभाव हुनु,

१३. असमान उमेर समूहका बालबालिका हुनु, समन्वयको अनुगमन र मूल्याङ्कन प्रभावकारी बन्न नसक्नु,

### ३.१.३ उद्देश्यहरू

१. सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ४ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्नु ।

२. एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु ।

३. एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुर्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्नु।

४. बालबालिकाको सर्वांगीण विकासका लागि आमाबुबा, परिवार, सुरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्न

५. विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्न

६. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु

७. सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.४ रणनीतिहरू

१. सर्वाङ्गीण विकासको लागि गर्भावस्थादेखि ४ वर्षसम्मका सबै बालबालिकालाई उमेरअनुसार लक्षित एवं गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्न बालबिकास केन्द्रको व्यवस्था, तालिम प्राप्त सहयोगी कार्यकर्ताको व्यवस्था, पोषणयुक्त खाजाको, व्यक्तिगत स्वास्थ्य तथा सरसफाई, पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन, शैक्षिक सामग्रीको व्यवस्थापन, छापामय कक्षा कोठा र आवश्यक खेल सामग्रीको व्यवस्था, कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना ।

२. संस्थागत संरचनाको रुपमा आया र प्रारम्भिक बालबिकास व्यवस्थापन उपसमिति निर्माण गर्ने।

३. एकीकृत प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुर्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्न प्रारम्भिक बालबिकास कोष खडा गर्ने।

४. घरायसी वातावरण अनुकुल बनाउन र विद्यालय समुदाय बिच सम्बन्ध निकटतम बनाउन समुदाय सचेतना कार्यक्रम संचालन गर्ने, यस अन्तर्गत अभिभावक शिक्षा, दौतरी शिक्षा, टोल पढाई समुह गठन, अभिभावक निर्मित स्थानीय शैक्षिक सामग्रीको निर्माण र अभिभावक प्रोत्साहन कार्यक्रम संचालन गर्ने।

५. विशेष आवश्यकता भएका बालबालिकाहरुको पहिचान गरि सहयोग सामग्रीहरु वितरण गर्ने।

६. प्रारम्भिक बाल शिक्षामा १ वर्ष विताएर आउने बालबालिकाको उपस्थितिमा नियमितता, सिकाइ क्षमतामा सबल र अतिरिक्त क्रियाकलापका अवसरहरुमा पनि उनीहरु बढी सक्षम तथा सक्रिय हुने भएकोले बालबिकास केन्द्रको अनुभव लिएर आएकाहरुलाई मात्र अनिवार्य रुपमा कक्षा १ मा भर्ना गर्ने ।

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुने छन् ।

२. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | संख्या | २०२७ | २०५० | २१०० | २२०० | २२५० |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | संख्या | १ | ५ | ५ | ५ | ५ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने | प्रतिशत | ९५.५ | ९६ | ९७ | ९८ | १०० |
| ५ | भौगोलिक दुरी रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई समेट्न आवश्यकतामा आधारित जस्तै: टोलमा आधारित, समुदायमा आधारित, तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने । | संख्या | ० | १ | ० | १ | १ |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघ संस्था , धार्मिक संस्था र विद्यालयहरु जिम्मेवार भएको हुने । | संख्या | ६ | ८ | ८ | ९ | ९ |

**३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण (मन्टेसरी ढाँचा) | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| २. | सामुदायिक विद्यालयमा संचालित बालविकास केन्द्रका लागि शैक्षिक सत्रको सुरूको महिनामा अभिभावक शिक्षा कार्यक्रम संचालन | बा.वि.के | ० | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ३. | अपांगता पहिचान गरि थप सेवा उपलब्ध गराउने | जना | २०२७ | २१७० | २२७७ | २३२७ | २४२७ | १०१३५ | २०२७० |
| ४. | सुरक्षित तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था | बा.वि.के | ० | ३ | २ | ३ | १ | ९ | १८ |
| ५. | बालबालिकाको अभिलेखीकरण | बा.वि.के | ० | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ६. | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | बा.वि.के | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | बा.वि.के | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ८. | परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९. | अभिभावक शिक्षा सम्बन्धि अदाहृभुत तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १०. | बालविकास केन्द्र मा खेल सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११. | सहजकर्ताहरुको क्षमता विकास का लागि मोबाइल मिटिंग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२. | शैक्षिक सामग्री निर्माण गर्ने तालिम तथा कार्यन्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३. | न्युनतम माप दण्ड को आधार मा प्रारम्भिक बालविकास केन्द्र को कक्षा कोठा र बसाई व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय र वर्तमान अवस्था

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ। शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो। शिक्षालाई शाशन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ। नागरिकको सर्वाङ्गिण विकासको आधारनै शिक्षा हो। शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजि हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ। शिक्षाले सक्षम, सवल, सभ्य, समावेशि, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ ।शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजि निर्माण हो। त्यस्तो पुंजी परिचालनले "समृद्ध नेपाल, सुखि नेपाली " को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ। शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभुत शिक्षाको कुशल सफल मितव्ययी समावेशि र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो ।आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रवाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानुनि व्यवस्था शिक्षा सम्वन्धि योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधन २०७२ को धारा ३१ मा आधारभूत शिक्षा नि शुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न तपसिल बमोजिमका नीतिगत तथा कानुनि व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसुची ८ खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धि व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ। संविधानको अनुसुचि ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ। शिक्षा ऐन २०२८ शंशोधन सहित शिक्षा नियमावलि शंशोधन सहित २०५९ शिक्षक सेवा आयोगको नियमावली शंशोधन सहित २०५७ को व्यवस्था गरिएको छ। स्थानिय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धि अधिकारको व्यवस्था गरिएको छ

। दीगो विकासको चौथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ । सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभुत शिक्षाको सुनितश्चितता गर्ने । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । चालु १५औं पञ्वर्षिय योजनाले निर्धारण गरेको गुणस्तरीय प्रवद्धनात्मक शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्ने रणनीति निर्धारण गरिएको छ ।

आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ :

| क्रस | सूचकहरु | वर्तमान अवस्था |
|---|---|---|
| १. | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर | ९६.३ |
| २. | कक्षा १ मा भर्ना भएका विद्यार्थीको कुल प्रवेशदर | १००.३ |
| ३. | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.३ |
| ४. | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | ९७.० |
| ५. | आधारभूत तह कक्षा १–५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.९९ |
| ६. | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९४.९ |
| ७. | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | ९७.० |
| ८. | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८१.८ |
| ९. | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०४ |
| १०. | कक्षा चढ्ने दर १ देखि ५ | ८९.५ |
| ११. | कक्षा चढ्ने दर ६ देखि ८ | ८६.२ |
| १२. | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ४.५ |
| १३. | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ८.१ |
| १४. | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ३.१ |
| १५. | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | ३.० |
| १६. | नयाँ भर्ना दर कक्षा १ देखि ५ | २.९ |
| १७. | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | २.६ |

*स्रोतः CEHRD flash report 2080*

तालिका नं १५

**स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्था:**

| सामुदायिक | | | | मदरसा | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ |
| १ | ११ | ८ | ३ | ५ | ४ | १ | ९ | ७ | २ |

*स्रोतः Omsatiya EMIS dashboard 2081*

तालिका नं १६

**स्थानीय तहको आधारभूत तहमा विद्यार्थी संख्या :**

| | सामुदायिक | | | मदरसा | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ |
| २ | २३२६ | १४८० | ८४६ | ३८८ | ३५२ | ३६ | २४५५ | १८४२ | ६१३ |

स्रोतः Omsatiya EMIS dashboard 2081

तालिका नं १७

**अधारभूत तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ**

| क्र.सं | तह | अस्थायी | स्थायी | राहत | शिक्षण सिकाइ अनुदान गा.पा | शिक्षण सिकाइ अनुदान संङ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| २ | प्राथमिक | ३ | ५३ | २२ | ११ | ० | ८९ |
| ३ | निम्नमाध्यमिक | १ | ८ | १ | ५ | ३ | १८ |
| | कुल जम्मा | ४ | ६१ | २३ | १६ | ३ | १०७ |

*स्रोतः तलबि प्रतिवेदन प्रथम त्रैमासिक २०८१/८२*

**तालिका नं :१८**

**शैक्षिक वर्ष २०८१ को अधारभूत तहमा जम्मा विद्यार्थी संख्या (सामुदायिक, मदरसा र संस्थागत समेत)**

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | ३५ | ८० | ९१ | १२० | १९ | २९ | ४ | ११ |
| २ | ५४ | ६० | ९१ | ८० | १० | २२ | १ | १ |
| ३ | ६५ | ८५ | ९३ | १२३ | १७ | २६ | ७ | १ |
| ४ | ५७ | ७९ | ८३ | ११६ | २० | ३० | ४ | ३ |
| ५ | ६५ | ६९ | ६५ | १०३ | १८ | १९ | १ | १ |
| ६ | ४६ | ५३ | ८० | ८८ | ११ | १३ | ३ | २ |
| ७ | ५२ | ४६ | ८० | ७८ | ८ | १५ | ० | २ |
| ८ | ३५ | ४२ | ६१ | ९२ | १५ | ११ | १ | ० |
| जम्मा | ४४४ | ५१४ | ६४४ | ८०० | ११८ | १६५ | २१ | २१ |

स्रोतः Omsatiya EMIS dashboard 2081

**तालिका नं :१९**

**२०८० सालको परीक्षाको नतिजा बमोजिम कक्षा ८ को कक्षागत सिकाइ उपलब्धि**

| क्रस | विषय | A+ | A | B+ | B | C+ | C | D | NG | A+ | A | B+ | B | C+ | C | D | NG | A+ | A | B+ | B | C+ | C | D | NG |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लेखा | ३ | १३ | ५ | ४ | १५ | १० | ४ | ० | १२ | ९ | ० | १ | ७ | ० | ० | १ | ० | ० | ० | ० | ० | ४०९ | ४०९ | ४०९ |
| २ | कम्प्युटर विज्ञान | १ | ५९ | ९ | ८ | ९ | ४० | २६ | ४ | २० | ३० | ६ | १६ | १८ | १९ | १२ | १४ | ० | ० | ० | ० | ० | ४१० | ४१० | ४१० |
| ३ | दिन्यत | १ | १ | १ | २ | ४ | ४ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | अंग्रेजी | ८ | ११५ | ४२ | ३६ | १४३ | ७१ | ५२ | ६३ | ६१ | ६९ | ५० | ११४ | ३७ | ४९ | ६९ | ६८ | ७ | २३ | ११० | ० | ० | ६२ | १५ | ६२ |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | स्वास्थ्य, शारिरीक तथा सिर्जनात्मक कला | २३ | १३२ | ५८ | ४७ | ९५ | ७२ | ४२ | ७१ | ५३ | ४२ | ९२ | ७५ | ३६ | २२ | १०३ | ८४ | १० | १७ | १०४ | ० | ० | ५९ | १५ | ५९ |
| ६ | स्थानिय विषय | ११ | ५१ | २६ | ३८ | १२५ | ६५ | ४७ | ५३ | ६७ | ५६ | ६२ | ६७ | २८ | ९ | ४२ | ५१ | ० | १ | ३७ | ० | ० | २८२ | २५० | २८२ |
| ७ | गणित | २६ | १२३ | ४१ | २४ | १०० | ७० | ३६ | ७६ | ५३ | ५५ | ५२ | ११६ | ४९ | ५६ | ५२ | ६६ | २० | ४७ | १२३ | ० | ० | ६३ | १५ | ६३ |
| ८ | नेपाली | ८ | ११५ | ४५ | ४५ | ९९ | ६५ | ३८ | ८७ | ७३ | ४७ | ६३ | ८९ | ५० | ४७ | ७५ | ९५ | १६ | ३५ | ९९ | ० | ० | ६० | १५ | ६० |
| ९ | ऐच्छिक गणित | ४ | २६ | १० | ६ | ३ | १० | ४ | ० | ७ | ७ | ० | २ | ६ | ० | ० | २ | ० | ० | ० | ० | ० | ३५९ | ३५९ | ३५९ |
| ११ | विज्ञान तथा प्रविधी | २७ | ११४ | ६९ | ५९ | १०८ | ६० | ४५ | ७२ | ५८ | ४४ | ७१ | ८१ | २८ | ५० | ६८ | ५४ | १२ | ४४ | १२३ | ० | ० | ६२ | १५ | ६२ |
| १२ | सामाजिक अध्ययन | ८ | ११६ | ३९ | ४३ | १२६ | ६८ | ३३ | ९२ | ६४ | ४९ | ६५ | १२३ | ४३ | २५ | ६७ | ९२ | ३ | २० | ११३ | ० | ० | ६१ | १५ | ६१ |
| १३ | उर्दु | १ | २ | १ | २ | ३ | ४ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

स्रोतः *Omsatiya EMIS dashboard 2081*

यस तहको शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्थाले असमानता रहेको । दलित छात्राहरूको अति गरिबी विद्यालयको पहुँच पुऱ्याउन कठिन छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण स्वास्थ्य सरसफाइ दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ । पेशागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइ स्तर न्युन छ । कोभिड महामारीको कारणले क्षती भएको शिक्षण सिकाइ उपलब्धिले थप समस्या सिर्जना भएको छ । प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सुधारको आवश्यकता छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेशागत विकास, अनुगमन सुपरीवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइप्रति विद्यार्थी जवाफदेही भई विद्यालयमा आवश्यक न्युनतम सिकाइ पूर्वाधार र वातवारण तयार गर्नुपर्ने छ । केन्द्र प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । त्यसै गरी प्र.अ.मा शैक्षिक नेतृत्व, व्यवस्थापन सीप शिक्षकको तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण, अनुगमन सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरूको सहभागिता बढाई वि.व्य.स. र शि.अ.सङ्घको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

### ३.२.३ समस्या र चुनौतीहरू

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
२. अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने,
३. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
६. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्धसमेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,
७. आवश्यक शिक्षक दरवन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्रअ तथा कर्मचारीसमेत) व्यवस्थापन गर्ने,
८. पोषण, स्वास्थ्य, दिवा खाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने,
१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने,
११. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने,
१२. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,

१३. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने,

१४. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउने

### ३.२.४ उद्देश्यहरू

१. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच रसहभागिता सुनिश्चित गर्नु

२. प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठनसिप अभिवृद्धि गर्नु

३. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु

४. सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्नु

५. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गर्नु

६. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणबालमैत्री, समावेशी र सुरक्षित बनाउनु

७. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउनु

८. विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु

९. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु

१०. अन्तरसम्बन्धित विषयबस्तुहरूलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु

### ३.२.५ रणनीतिहरू

१. विद्यालय नक्साङ्कन गर्ने

२. विद्यालयहरूको पुनर्वितरण तथा समायोजना गर्ने

३. अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्ने

४. अनिवार्य तथा नि: शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने

५. प्रारम्भिक कक्षा पढाइसम्बन्धिक्रियाकलापहरूकोलागीस्रोतव्यवस्थापनरकार्यान्वयनगर्ने

६. विद्यालयबाहि ररहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने

७. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइकोमू ल्याङ्कन गर्ने

८. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही बनाउने

९. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

१०. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने

११. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतमस क्षमता पुरा गराउने

१२. शिक्षणसिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने

१३. कक्षा३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने

१४. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

१५. मूल्याङ्कनलाई शिक्षणसिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने

१६. विद्यार्थीलाई आवश्यक  सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने

१७. कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने

१८. शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने

१९. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने

२०. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
२१. विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्ममभाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
२२. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
२३. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
२४. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
२५. अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइसामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
२६. शिक्षक दरबन्दी पुन र्वितरण तथा समायोजन गर्ने
२७. नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय, व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
२८. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइउपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
२९. शिक्षक विकास र सहायताप्रणालीलाई व्यवस्थित गर्ने

### ३.२.६ प्रमुख उपलब्धि र नतिजा

**क) उपलब्धि:**

अनिवार्य नि: शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ |
| २ | बालबालिकाको न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने विद्यालय संख्या | संख्या | ५ | ८ | १० | १२ | १५ |
| ३ | सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेको हुने | संख्या | ५ | ८ | १० | १२ | १५ |
| ४ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइसामग्रीको उपलब्धता भएको हुने बिघालय संख्या | संख्या | ५ | ८ | १० | १२ | १५ |
| ५ | आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने | संख्या | २ | ४ | ८ | १० | ११ |
| ६ | बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने विद्यालयमा संख्या | संख्या | १ | २ | ३ | ४ | ५ |
| ७ | विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने विद्यालयमा संख्या | संख्या | ५ | १० | १५ | १८ | २१ |
| ८ | विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने विद्यालय संख्या | संख्या | २१ | २१ | २१ | २१ | २१ |

### ३.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | जम्मा लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १. | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | ० | १ | ० | १ | ० | २ | ४ | |
| २. | सबै बालबालिकालाई विद्यालय भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | कक्षा अवलोकन तथा शिक्षण सिकाई क्रियाकलापका सम्बन्धमा शिक्षकहरुसँग प्राविधिक छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५. | अपाङ्गता भएका विद्यार्थीलाई शिक्षण सिकाइमा आवश्यक आधारभूत सहयोग | संख्या | २१ | २३ | २४ | २५ | २८ | १२१ | २४२ | |
| ६. | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ७. | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ८. | व्यवस्थित परीक्षा प्रणालीको कार्यान्वयन (कक्षा ८) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९. | वि.व्य.स, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १०. | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ११. | अभिभावक शिक्षा तथा अभिमुखीकरण | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| १२. | बिद्यार्थी हरुको अपांगता पहिचान | संख्या | १२७१४ | १२७१४ | १२७१४ | १२७१४ | १२७१४ | ६३५७० | १२७१४० | |
| १३. | प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४. | सामुदायिक तथा संस्थागत विद्यालयबिच अन्तर्क्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५. | स्वस्थ्यकर दिवा खाजा | बिद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | |
| १६. | सिमान्तकृत बालबालिका लाई छात्रवृति | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| १७. | प्रारम्भिक कक्षा कोठा व्यवस्थापन | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| १८. | सिकाई आपुरण तथा द्रुत सिकाई सम्बन्धि शिक्षक को क्षमता बिकास र कार्यन्वयन | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ । यसले कक्षा १- ८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । माध्यमिक तहको शिक्षाको कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहूँच तथा नवपउल्लेख गरेको छ विज्ञान प्रविधि निशुल्क हुने व्यवस्था, नवपर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधरण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागु गरिएको छ । प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चत गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ।

### ३.३.१ वर्तमान अवस्था

ओमसतिया गाउँपालिकाभित्र ४ वर्षदेखि १६ वर्ष उमेर समूहका वालवालिकाहरू जम्मा ९८२३ जना रहेका छन् । आधारभूत तह (१–८) मा भर्ना हुने उमेरका वालवालिका ८०२६ छन् भने माध्यमिक तहमा १७९७ रहेका छन् । यस गाउँपालिकाभित्र जम्मा ३६ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी मध्ये १६ वटा सामुदायिक विद्यालय , १५ वटा संस्थागत तथा ५ वटा मदरसा रहेका छन् । उच्च शिक्षा तर्फ एउटा पनि क्याम्पस सञ्चालनमा रहेको छैन । मुदायिक, धार्मिक र संस्थागत विद्यालय तर्फ बालविकास केन्द्र ३६ आधारभूत तह १–५ संचालित १६, आधारभूत तह १–८ संचालित ९ माध्यमिक १–१० संचालित ९ र माध्यमिक तह १–१२ संचालित २ वटा विद्यालयहरु रहेका छन् ।

ओमसतिया गाउँपालिकाका १३ देखि १६ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्यार्थी माथिल्लो कक्षा (कक्षा ९–१०) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ । विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन । बालविवाह, आर्थिक विपन्नताका कारण छात्राहरु कक्षा ८ पछि विद्यालय छाड्ने गरेको अवस्था छ । विद्यालयको थप कक्षा अनुमति दिदा शिक्षक अभाव हुने भएकाले मा.वि थप गर्दा मौजुदा भौतिक संरचना को आधारमा दरबन्दी सहितको अनुमति मात्र दिनुपर्ने देखिन्छ । पालिकामा भएका सामुदायिक माध्यमिक विद्यालय (९ देखि १२ कक्षा) २ वटा मात्र भएकाले सबै बालबालिकाको पहुँचको शुनिश्चितता हुन सकेको छैन । माध्यमिक तहमा कक्षा १२ सम्मको पाठ्यपुस्तक पालिका मार्फत निःशुल्क रुपमा उपलब्ध गराईएको छ । पालिकामा विद्यार्थी संख्या, संचालित कक्षा र विषयगतरुपमा पर्याप्त शिक्षक नभएकाले निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउन नसकिएको अवस्था छ । माध्यमिक विद्यालयहरु सबैमा विज्ञान प्रयोगशालाको अवस्था सुधार गर्नुपर्ने रहेको छ । सबै माध्यमिक विद्यालयहरुले सूचना प्रविधि सहयोग (कम्प्युटर तथा इन्टरनेट)

सुविधा प्राप्त गरेको अवस्था छ । सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय व्यवस्थापन र प्रयोगमा रहेका छन । सरकारको शसर्त अनुदान मार्फत सबै बालिकाहरुका लागि सेनेटरी प्याड निःशुल्क उपलब्ध गराईएको छ । विशेष शिक्षाको पठनपाठनका लागि पालिकामा विशेष विद्यालय नभएका कारणले अपाङ्गता भएका बालबालिकाकालागि विशेष शिक्षाको अवसर प्राप्त छैन ।

माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुर्‍याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ।

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १. | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७८.४ |
| २. | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ८५.९ |
| ३. | माध्यमिक तह (कक्षा ९–१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | १.१४ |
| ४. | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | १.४ |
| ५. | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ७.६ |
| ६. | माध्यमिक तह (कक्षा ११–१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | २.१५ |
| ७. | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ३६.८ |
| ८. | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ४३.५ |
| ९. | माध्यमिक तहको कक्षा ९–१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १.२१ |
| १०. | कक्षा चढ्ने दर ९ देखि १० | ९३.५ |
| ११. | कक्षा चढ्ने दर ११ देखि १२ | ९७.२ |
| १२. | कक्षा दोहोर्याउने दर कक्षा ९ देखि १० | ३.७ |
| १३. | कक्षा दोहोर्याउने दर कक्षा ११ देखि १२ | ०.० |
| १४. | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.५ |
| १५. | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.० |
| १६. | नयाँ भर्ना दर कक्षा ९ देखि १० | १.३ |
| १७. | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | २.८ |

स्रोतः *CEHRD flash report 2080*

तालिका नं २०

**स्थानीय तहको माध्यमिक तहमा सेवा प्रवाहको अवस्था:**

| | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|
| वडा नं | कक्षा ९–१० | कक्षा ९–११ | कक्षा ९–१० | कक्षा ९–११ |
| १ | १ | ० | ० | ० |
| २ | १ | ० | ० | ० |
| ३ | ० | १ | ० | ० |
| ४ | १ | १ | २ | ० |
| ५ | २ | १ | १ | ० |
| ६. | १ | ० | ३ | ० |
| जम्मा | ८ | ३ | ९ | ० |

स्रोतः *Omsatiya EMIS dashboard 2081*

तालिका नं २१

**स्थानीय तहको माध्यमिक तहमा विद्यार्थी संख्या**

| सामुदायिक | | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| क्र.स | माध्यमिक | कक्षा ९–१० | कक्षा ११–१२ | माध्यमिक | कक्षा ९–१० | कक्षा ११–१२ |
| १. | ५६१ | ४९८ | ६३ | २५४ | २५४ | ० |

**स्रोतः *Omsatiya EMIS dashboard 2081***

तालिका नं २२

**माध्यमिक तहगत शिक्षक दरवन्दी विवरण सामुदायिक तर्फ**

| क्र.सं | तह | अस्थायी | स्थायी | राहत | शिक्षण सिकाइ अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक | ० | १० | ३ | ६ | १९ |
| २ | साविक उ.मा.वि | ० | ० | ० | ० | ० |
| | कुल जम्मा | ० | १० | ३ | ६ | १९ |

*स्रोतः तलबि प्रतिवेदन प्रथम त्रैमासिक २०८१/८२*

तालिका नं २३

**शैक्षिक वर्ष २०८१ को माध्यमिक तहमा जम्मा विद्यार्थी संख्या**

| कक्षा | दलित | | जनजाति | | अन्य | | अपाङ्गता | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | ४८ | २७ | ७८ | ५३ | १६ | १७ | ० | ० |
| १० | ३४ | ३० | ६३ | ५० | १४ | ११ | ० | ० |
| ११ | ० | ० | १ | १ | ० | ० | ० | ० |
| १२ | १ | ० | १ | ० | ० | ० | ० | ० |
| जम्मा | ८३ | ५७ | १४३ | १०४ | ३० | २८ | ० | ० |

स्रोतः *Omsatiya EMIS dashboard 2081*

समस्या र चुनौतीहरू

१. माध्यमिक विद्यालयमा केहि संस्थागत बिद्यालयमा शैक्षिक सामग्रीहरुको निर्माण गरेर शिक्षण गरिने तर सामुदायिक विद्यालयमा पाठगत शिक्षण सामग्री निर्माण र प्रयोगमा कमी

२. माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला रहेका तर प्रयोगमा कमी

३. सबै माध्यमिक विद्यालयमा पुस्तकालयको व्यवस्था हुन नसकेको

४. माध्यमिक तहक बालबालिकाको शैक्षिक उपलब्धि स्तर कमजोर हुनु ।

५. विद्यालयमा रहेका कम्प्युटर, ल्यापटप प्रोजेक्टर तथा सूचना प्रबिधिको प्रयोग बाट शिक्षण कार्यमा निरन्तरतामा कमि रहेको ।

६. माध्यमिक तहमा मौजुदा दरबन्दी १० र राहत ३ गरि जम्मा १३ दरबन्दी मात्रै ९ र १० मा रहेको साबिक उच्च माध्यमिक वा माध्यमिक तह दितीय श्रेणीको दरबन्दी नरहेको ।

७. विद्यालयमा विद्यार्थी टिकाउ दर कम रहेको ।

८. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कम्प्युटर , प्रिन्टर , प्रोजेक्टरको व्यवस्थापन हुन नसकेको ।

९. कतिपय माध्यमिक तथा अन्य आधारभुत विद्यालयहरुमा सक्षम नेत्रित्वो अभाव रहेको (वि.व्य.स. र प्र.अ. ) ।

१०. सामुदायिक विद्यालयमा प्रयाप्त मात्रामा खेल सामग्री, सांगीतिक सामग्री तथा शिक्षकहरुलाई क्षमता वृद्धि सम्बन्धि तालिमको व्यवस्था गर्न गसकिएको हुदा विद्यार्थीहरुकी सम्पूर्ण पक्षको विकास हुन नसकेको ।
११. माध्यमिक विद्यालयमा अनुगमन, निरिक्षण, र परामर्शको पक्ष कमजोर रहेको ।
१२. सबै माध्यमिक बिधालयहरुमा नर्शिंग सहितको प्राथमिक उपचार कक्षको व्यवस्थापन हुन नसकेको ।
१३. गणित प्रयोगशाला सामाजिक प्रयोगशाला, संगीत कला तथा खेलकुद सामग्री निर्माण विकास र संकलन कक्षको कमि रहेको तथा व्यवस्थित खेल मैदान कुनै पनि बिधालयमा नरहेका ।

### ३.३.३ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु
४. शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउनु
५. स्टिम शिक्षालाई जोड दिनु
६. निर्धारित सिकाई सक्षमता हासिल गरको गाउँपालि तहको स्तरीकता परिक्षा उत्तीर्ण बिद्याथीहरुमा मात्र माध्मिंक शिक्षामा' प्रवेश गराउनु
७. सबै बिद्यालयहरुमा नबितमा सूचना प्रबिधिको विकास गर्नु
८. माहमारीमा बिद्याथीहरुको पठन पाठनालाई सुनिशिचता गर्न सूचना प्रविधिको विकास गरि भर्चुअल तथा जुम कक्षा जस्ता अन लाईन तरिका बाट पठनपठनलाई निरन्तरता दिनु
९. माध्यमिकतह मा खुद भर्ना दर र टिकाउ दर बढाउनु
१०. बिज्ञान र गणित शिक्षकलाई क्षमत अभिबृधि गर्न गणित र बिज्ञान प्रयोगशाला स्थापना कार्यक्रमलाई महत्व दिनु
११. शिक्षकहरुलाई विसम परिस्थितिमा पनि शिकईलाई जोड दिन सक्ने किशिमको नव पर्वतनात्मक र अनुशन्धनातम्क कार्यमा जोड दिनु

### ३.३.४ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,

- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
- तहगत र बिषयगतशिक्षक व्यवस्था गर्ने,
- कुशलव्यवस्थापानको लागि प्र.अ. लाई सक्रिय बनाउने,
- प्राविधिक शिक्षकहरूमा जोड दिने,
- प्राविधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने।

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**क) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने विद्याथी % मा | ३८ | ४५ | ५० | ५५ | ६० | ६५ |
| २. | माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको बिद्यालय संख्या | ० | | १ | १ | १ | `१ |
| ३. | माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने बिद्यालय संख्या | ० | १ | १ | | १ | |
| ४. | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने बिद्यालय संख्या | ० | १ | १ | १ | १ | १ |
| ५. | माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने बिद्यालय संख्या | २ | २ | १ | १ | १ | १ |
| ६. | माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने बिद्यालय संख्या | ० | १ | ० | १ | ० | १ |
| ७. | माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा | ० | १ | १ | १ | १ | १ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने, बिद्यालय संख्या | | | | | | |
| ८. | सूचना तथा सञ्चार प्राविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने बिद्यालय संख्या | | १ | | १ | | १ |
| ९. | माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने बिद्यालय संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| १०. | माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने | ३ | ३ | ३ | ३ | ३ | ३ |

### ३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिका तयारी | पटक | ० | १ | ० | १ | ० | २ | ४ |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन घरधुरी सर्वेक्षण र अद्यावधिक गर्ने | पटक | ० | १ | ० | १ | ० | ५ | १० |
| ३ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि सघन भर्ना कार्यक्रम संचालन | पटक | ० | १ | १ | १ | १ | ४ | ८ |
| ५ | उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ६ | कक्षाकोठामा आधारित मूल्याङ्कन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| ७ | वि.व्य.स, शि.अ.सं का पदाधिकारीहरूको क्षमता विकास | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ५ | १० |
| ८ | बार्षिक एस.इ.इ नतिजा | पटक | १ | १ | १ | १ | १ | ४ | ९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुधार योजना निर्माण र कार्यान्वयन | | | | | | | | |
| ९ | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| १० | विद्यालय स्तरमा बाल समूह, स्काउट, रेड्क्रस क्लब गठन क्षमता विकास र परिचालन गर्ने | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| १३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| १४ | नमुना माध्यमिक विद्यालय निर्माण कार्यक्रम | विद्यालय | ० | ० | ० | ० | १ | १ | १ |
| १५ | शैक्षिक मेला को आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | सिमान्तकृत बिद्यार्थी हरुलाई प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | नियमित रुपमा अतिरिक्त कियाकलप | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |
| १८ | कमजोर बिद्यार्थी लाई अतिरिक्त कक्षा संचालन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बिच सन्तुलनको आवश्यकता पर्दछ । सुरुवातका दिनहरूमा साधारण शिक्षातर्फ जोड दिइएतापनि विस्तारै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा जोड दिन थालिएको छ । कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाई उपलब्धिमा सुधार गर्दै श्रम बजार सँग आवद्ध गर्नुपर्ने देखिन्छ । वि. सं. २०७२ को संविधान सँगसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा

राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसको लागि गुणस्तरिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढङ्गमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम रोगारीका अवसरहरू सृजना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ।

### ३.४.२ वर्तमान अवस्था

लुम्बिनी प्रदेश रुपन्देही जिल्ला अन्तर्गत ओमसतिया गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वालम्बन हुन सिक्नु पर्छ। प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ । यद्यपी ओमसतिया गाउँपालिकामा प्राविधिक शिक्षा पठनपाठन हुने कुनै पनि विद्यालय वा संस्थाहरू रहेका छैनन।

**समस्या र चुनोतिहरू**

ओमसतिया गाउँपालिकामा प्राविधिक शिक्षा र व्यवसायिक तालिमका मुख्य समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. पालिकाभित्र कुनै पनि किसिमको प्राविधिक शिक्षालय नहुनाले प्राविधिक शिक्षा र व्यवसायिक तालिमको स्थानीयमा पहुँचमा कमी,
२. प्राविधिक शिक्षा र तालिमका लागि आवश्यक स्रोत साधन, जस्तै लगानी, आधुनिक उपकरण र सामग्रीको अभाव,
३. अनौपचारिक तालिमको प्रभावकारिता र गुणस्तरको अनुगमन गर्नको लागि स्पष्ट मापदण्डको कमी
४. उद्योग र बजारको आवश्यकतासँग मेल खाने पाठ्यक्रमको अभावले तालिमप्राप्त युवाहरूको रोजगारीमा समस्या
५. स्थानीय समुदायको प्राविधिक शिक्षा र व्यवसायिक तालिमप्रतिको चासो र संलग्नतामा कमी
६. ब्यवसायिक तालिमका लागि आवश्यक आर्थिक सहयोग र प्रोत्साहनको कमीले युवाहरूलाई प्रशिक्षित हुनबाट रोक्नु

### ३.४.३ उद्देश्यहरू

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,
२. स्थानीय तहमा प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु,
३. प्राविधक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,

### ३.४.४ रणनीतिहरू

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्तिसरोकारवालाहरूसँग समन्वय गर्ने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउनप्रोत्साहन गर्ने,
६. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,

७. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी / जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
८. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,
९. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
१०. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमापर्याप्त अवसर प्राप्त गरेको हुने बिद्यालय संख्या | ० | ० | १ | ० | १ | १ |
| २ | स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने बिद्यालय संख्या | ० | ० | ० | १ | ० | १ |
| ६ | खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको बिद्यालय | ० | ० | ० | ० | १ | ० |
| ८ | उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने बिद्यार्थी संख्या | ० | ० | ० | ० | ० | १ |
| ९ | प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुने बिद्यालय संख्या | ० | ० | ० | ० | १ | ० |

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | ० | ० | १ | ० | ० | १ | २ | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| २ | छोटो अवधिका अभ्यास सहितको सीपमूलक तालिम सञ्चालन | पटक | १ | ० | ० | ० | १ | २ | ४ | |
| ३ | स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवद्र्धन कार्यक्रम | पटक | ० | ० | १ | ० | १ | २ | ४ | |
| ४ | आर्थिकरूपमा पिछडिएका प्रतिभावान् तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति, महिला विद्यार्थीका लागि प्राविधिक शिक्षामा पहुँचको अवसर सृचना गर्न आवश्यक स्रोतको व्यवस्था | जना | ० | २५ | २५ | २५ | २५ | १०० | २०० | |
| ५ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्यांक संकलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | ० | ० | १ | ० | ० | १ | २ | |
| ६ | प्राविधिक शिक्षा तथा ब्यवसायिक सिप तालिम सम्बन्धी अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ९ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा वाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणालि अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं ४ लुम्विनी प्रदेशको आवधिक योजना मा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा वाहिर लचिलो ढँगवाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागिहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका वारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्छन । संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दिगो विकासको लक्ष्य नं ४ लुम्विनी प्रदेशको आवधिक योजना मा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा संगै अनौपचारिक शिक्षा प्रणालिले समेत योगदान गर्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार अनौपचारिक शिक्षाको माध्यमबाट आधारभूत शिक्षामा प्रवेश गराउने नीति लिएको छ । सामुदायिक अध्ययन केन्द्रलाई जीवनपर्यन्त सिकाइका लागि सामुदायिक अध्ययन केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रमा परिणत गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८) अन्तर्गत अनौपचारिक शिक्षा र आजीवन सिकाइका उद्देश्यहरूमा अनौपचारिक शिक्षा र आजीवन सिकाइको महत्वलाई बढावा दिनु, व्यक्तिको जीवनस्तर सुधार्नका लागि सीप र ज्ञान प्रदान गर्नु, व्यावसायिक तालिम र रोजगारीका अवसरहरू सिर्जना गर्नु, सामाजिक समावेशिता प्रोत्साहित गर्नु, समुदायमा सिकाइका अवसरहरू सृजना गर्नु, आधुनिक प्रविधिको उपयोग गरेर सिकाइको पहुँच विस्तार गर्नु, र सार्वजनिक स्वास्थ्य र जीवनशैली सुधार्न जनचेतना बढाउने उद्धेश्यहरु समावेश गरिएका छन ।

### ३.५.२ वर्तमान अवस्था

ओमसतिया गाउँपालिका भित्रका सबै बालबालिका तथा प्रौढहरुलाई शिक्षाको मूलधारमा ल्याउन औपचारिक शिक्षाले मात्र सम्भव नभएको अवस्थामा वैकल्पिक मार्गहरू प्रशस्त गर्नुपर्ने आवश्यकता छ । खुला शिक्षाको नीतिसमेत अवलम्बन गरिएको परिप्रेक्ष्यमा विद्यालय छाड्ने बालबलिकाहरूलाई र विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई उनीहरूको पायक पर्ने स्थानमा रुचि र आवश्यकताअनुकूलको पाठ्यसामग्रीमा अभ्यास गराएर विद्यालय शिक्षाको मूलधारमा ल्याउनुपर्ने आवश्यकता छ । ओमसतिया गाउँपालिका साक्षर गाउँपालिका घोषणा भइसकेको सन्दर्भमा १५ देखि ६० वर्ष उमेर समुहका निरक्षरहरु साक्षर वनिसक्नुभएको देखिन्छ । २०७२ सालमा रुपन्देही जिल्ला साक्षर घोषणा हुनुपूर्व साविकका गाविसहरुमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरु सञ्चालनमा आए । साक्षरता र साक्षरोत्तर कार्यक्रमवाट लाभान्वित महिला समुहलाई १० हजार को बिउपूँजी उपलव्ध गराई बचत तथा ऋणका कार्यक्रमहरु सञ्चालन गरिए । नेपाल सरकारले सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना गरी सो मार्फत् समेत अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरेको पाइएता पनि यस पालिकामा एउटा पनि सामुदायिक सिकाइ केन्द्र छैन ।

**समस्या तथा चुनौतिहरु**

मथि उल्लेखित सन्दर्भ र विश्लेषणका आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतिहरु निम्नअनुसार पहिचान गरिएको छ ।

१. साक्षर गाउँपालिका घोषणा गरिएको भएतापनि निरक्षरहरुको संख्या अत्यधिक हुनु ।

२. नवसाक्षरहरुलाई साक्षरोत्तर र निरन्तर शिक्षाएवं आयआर्जनका कार्यक्रममा लगाउन नसकिनु ।

३. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा सहसम्बन्ध कायम गर्न नसकिनु ।

४. युवा तथा प्रौढहरुमा कार्यमुलक साक्षरता, पढ्ने बानीको कमी र डिजिटल साक्षरताको कमी ।
५. अनौपचारिक शिक्षा, खुलातथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालिका रुपमा संस्थागत विकास हुन नसक्नु ।
६. साक्षरता, निरन्तर सिकाइ, आयमुलक सीप, समयसापेक्ष सुचना प्रविधियुक्त कार्यमुलक सिकाइ तथा समकक्षताको व्यवस्था हुन नसक्नु ।

### ३.५.३ उद्धेश्यहरू

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्धेश्यहरु राखेको छ ।
१. सामुदायिकसिकाइ केन्द्रको आवश्यकताअनुसार स्थापना गरि अनौपचारिक शिक्षा र निरन्तर शिक्षाकाकार्यक्रमहरु सञ्चालन गर्नु
२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथाविस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु
३.आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाइ मुलधारमा ल्याउनु

### ३.५.४ रणनीतिहरु

१. सामुदायिक सिकाइकेन्द्रको आवश्यकता अनुसार स्थापना गरि अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
२. गाउँपालिकाभित्र पुनः घरधुरि सर्वेक्षण गरि साक्षर र निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गर्ने ।
३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्यसंघ संस्थासंग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गर्ने ।
४. नवसाक्षर, ढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसंग जोडी आत्मनिर्भर र व्यवसायिक बनाउन सहयोग गरिने छ ।

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | ० | १ | ० | ० | १ | ० |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि) * (%) | ० | १० | १५ | २० | २५ | ३० |
| ४ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |
| ५ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |

### ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | घरधुरी सर्वेक्षण गरेर निरक्षरहरूको तथ्याङ्क सङ्कलन | पटक | ० | १ | १ | १ | १ | ४ | १० | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | तथा खण्डीकृत डाटाबेस तयारी EMISमा अध्यावधिक गर्ने | | | | | | | | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न थप सामुदायिक सिकाइ केन्द्रको स्थापना | पटक | ० | ० | ० | १ | ० | १ | १ | |
| ३ | हाल सञ्चालनमा रहेको सामुदायिक सिकाइ केन्द्रलाई क्रियाशील गराउने | वटा | १ | १ | १ | १ | १ | १ | १ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण (व्यवस्थापन तालिम दिने) | वटा | ० | १ | १ | २ | २ | २ | २ | |
| ५ | महिला तथा प्रौढहरुलाइ आधारभूत वित्तिय साक्षरता तथा आधारभूत अंकगणितिय सिप सिकाइ कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | प्रौढहरुलाइ सिप विकास तालिम र आय आर्जनका कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | १० | |
| ७ | शैक्षिक पहूँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ परिचय र वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुदैन । देशकाल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो भन्नेसँग पनि सम्बन्धित छ । के पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मुल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार समेत हो । मानवीय चेतना र वौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो । बालबालिकाको सर्वांगीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् ।

मानवीय आवश्यकता, बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । जसले पामाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

#### ४.१.२ वर्तमान अवस्था

राष्टिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधारतथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ । ओमसतिया गाउँपालिकामा वि सं २०७७ देखि कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ । त्यसैगरी शैक्षिक सत्र २०७८ देखि आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यक्रम पनि तयार गरी लागू गरिएको छ । पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ ।

**समस्या तथा चुनौतिहरू**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु,
२. त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु ,
३. सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु ,

४. पाठ्क्रम समय अनुसार अद्यावधिक हुनु र कार्यान्वयन गर्नु
५. अपाङ्गता, अनाथ असहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्यसामाग्रीको व्यवस्था गर्न

### ४.१.३ उद्देश्यहरू

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण गर्नु,
५. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.१.४ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
२. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने,
३. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
४. विपद् , महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने,
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
६. शिक्षकको पेसागत सक्षमता विकास गरिने,
७. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
८. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने,
९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
१०. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
११. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धिः**

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम तथा पाठयपुस्तक लागु गरेका विद्यालय | ० | १५ | २० | २० | २० | २० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | २० | २० | २० | २० | २० |
| ३ | सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने विद्यालय संख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ० | २० | २० | २० | २० | २० |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| **क्र.स.** | **प्रमुख क्रियाकलाप** | **लक्ष्य इकाइ** | **भौतिक लक्ष्य(५ वर्ष)** | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **जम्मा** | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण सबै विद्यालयहरूमा | पटक | ० | ० | १ | ० | ० | १ | २ | स्थानीय तह,शिविसइ |
| २ | कक्षा १–३ एकिकृत पाठ्यक्रम अनुसारको मूल्यांकन प्रणाली सम्बन्धि अभिमूखिकरण | विद्यालय | ० | १ | ० | १ | ० | २ | ४ | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ३ | आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | स्थानीय तह,मानव संसाधन केन्द्र |
| ४ | निःशुल्क पाठ्यपुस्तक वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ५ | स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यपुस्तकको समेत | विद्यालय | ० | २१ | २१ | २१ | २१ | २१ | २१ | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ब्यवस्थापन | | | | | | | | |
| ६ | सामुदायिक माध्यमिक विद्यालयहरूमा ई-लाइब्रेरी स्थापना | विद्यालय | ० | ० | १ | ० | १ | २ | ४ | विद्यालय,सरकार |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय र वर्तमान अवस्था

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड १ : ४५ शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ। शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १५ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन् । विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकवाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ । शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन् । शिक्षक तालिम, कार्यशाला, सेमिनार कन्फरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मनिटरिङ आदि अवसरवाट शिक्षकको पेसागत विकास सम्भव छ।

### ४.२.२ वर्तमान अवस्था

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरीय बनाउने शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ । यसमा शिक्षक ब्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने

सम्बन्धमा यस कार्यक्रमका उद्धेश्य  पुरागर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

**<u>शिक्षक ब्यबस्थापन र बिकासका लागि गरेका प्रयत्नहरु</u>**

ओमसतिया गाउँपालिकामा संचालित सामुदायिक तथा धार्मिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको संख्या न्यून छ। ५ वटा मा.वि. र एउटा नि.मा.वि.मा मा.वि..का १० दरवन्दी ३ राहत र निमा.वि. तर्फ जम्मा ११ वटा दरवन्दी र एक राहत गरि ११ जनाकार्यरत छन्। भने शिक्षण सिकाई अनुदानमा ३ जना शिक्षक कार्यरत छन्। पालिकाभित्र सामुदायिक विद्यालय कम हुनु र त्यसमा पनि दरवन्दी अधुरो हुनु ओमसतियाको विशेषता हो । दुई वटा मा.वि.मा पुरै प्रा.वि. शिक्षकले चलाएको अवस्था छ । प्रा.वि.तहको दरवन्दी भने विद्यार्थी संख्याको तुलनामा अधुरो भनन मिल्दैन तर नि.मा.वि. र मा.वि. मा प्रा.वि.का शिक्षले कक्षा संचालन गर्नु पर्ने बाध्यात्मक परिस्थितले कक्षातहगत शिक्षक र तहगत शैक्षिक उपलब्धी भन्ने भनाई मा मात्र सिमित छ। वालविकासका शिक्षकले योग्यताअनुसार माथिल्लो कक्षाहरु लिने गर्दा वालविकासमा हुनुपर्ने सिकाई उपलब्धी न्यून छ  जसको कारणले माथिल्लो कक्षामा पुग्दा सम्म पनि विद्यार्थीको आधारभुत सिकाई हुन सकेको पाईदैन। प्रारम्भिककक्षा पढाई कार्यक्रमले केही परिवर्तन ल्याउन खोजेता पनि त्यसले निरन्तरता नपाउदा त्यसै सेलाएर गएको छ । सवै किसिमका शिक्षकहरुको गणना गरि संचालित संचालितकक्षा संख्या बरावर शिक्षकव्यवस्थापन गर्ने सोचले गा.पा.ले केही शिक्षक नियुक्ति गर्ने गरेकोमा त्यस्ता शिक्षकहरु विभिन्न कारणले केन्द्रिकृत भै सकेको अवस्था छ । तापनि ९५५ सामुदायिक विद्यालयमा कक्षागत शिक्षक संख्या व्यवस्थापन भएको छ। दरवन्दी मिलान निर्देशिकालाई आधार मानी काम गर्ने क्रममा केही असहजता आएतापनि सहजको वातावरण सृजना भैरहेको छ।

शैक्षिक क्षेत्रमा आएको नविनतम सिकाई पद्धतीसंग सवै शिक्षकहरुलाई समायोजन गर्न सकिएको छैन । यसको लागि लगानी र सिकाईको प्रेरणा दुवैको अभाव महशुस भएको छ । कोभिड –१९ को कारण सृजना भएको लकडाउनले (बन्दाबन्दी) समयले शिक्षकविद्यार्थी दुवैमा नकरात्मक प्रभाव पारेको छ। ग्रामिण क्षेत्र र शैक्षिक चासो कम भएका अभिभावकले गर्दा यस गाउँपालिकामा प्रत्यक्ष उपस्थितीभन्दा अन्य बैकल्पिक सिकाईका माध्यमहरु उपलब्धीमुलक हुन सकेनन्।

**शिक्षक व्यवस्थापन**

ओमसतिया गाउँपालिकामा संचालित सामुदायिक तथा धार्मिक विदालयहरुमा विद्यालय संख्याको आधारमा शिक्षक व्यवस्थापन हुन सकेको छैन । प्रा.वि. तहकै शिक्षकहरुले मा.वि. संचालित विद्यालयको प्र.अ. भै संचालन गर्नु पर्दाको पिडा आफ्नै ठाउँमा छ भने त्यसबाट हुने सिकाई उपलब्धी अत्यन्तै न्यून छ। ९-१० कक्षाको ५ वटा विद्यालयमाजम्मा १० दरवन्दी र ३ राहत गरि १३ भागकायम छ। जवकीन्यूनतम २५ वटा अनिवार्य आवश्यक देखिन्छ। नि.मा.वि तहको लागि ६ वटा विद्यालयको लागि न्यूनतम २४ वटा दरवन्दी आवश्यक पर्नेमा जम्मा ११ दरवन्दी र १ राहत गरि १२ वटा मात्र छ भने १३ अपुरो छ। २०७१ ले विद्यार्थी संख्याको तुलनामा र दरवन्दी मिलानको निर्देशनलाई फ्लो गरी हेर्दा प्रा.वि. तहमा केही दरवन्दीपुलमा रहेतापनि सवै तहलाई मिलान गरि हेर्दा खुदअपुगमा ८ दरवन्दी रहेको छ। मा.वि. तहमा १८ न्यूनतम अपुग दरवन्दी र नि.मा.तहमा १२ वटा न्यूनतम अपुग दरवन्दीलाई हेर्दा ३० वटा अपुग दरवन्दी छन्। भने त्यसलाई प्रा.वि. तहको पुल दरवन्दीलाई मिलान गरी हेर्दा ९ दरवन्दी अझै अपुग अवस्थामा छ। यसरी दरवन्दी नै अपुगभएको अवस्थाले गर्दा शिक्षक व्यवस्थापन अलपत्र अवस्थामा छ।

ओमसतिया गाउँपालिकाले न्यून पारिश्रमिक ९७०० ।– दिएर प्रा.वि.तहमा स्वयमसेवक शिक्षक २०७५ मा २० जनाभर्ना गरेकोमा हाल १८ जना मात्र कार्यरत छन्। गाउँपालिकाले नियुक्त गरेका शिक्षकहरुले गर्दा करिव सवै विद्यालयको नर्सरी देखि कक्षा ५ सम्म संचालित विद्यालयमा७ वटा कक्षा संचालन हुदाँ कक्षागत शिक्षक व्यवस्थापनमा सहज भएको छ । गाउँपालिकाका अनुदानबाट न्यूनतम पारिश्रमिक पाउने गरि नि.मा.तहमा एक जनामात्र शिक्षक व्यवस्थापन गरिएको भने शिक्षण सिकाई अनुदानमा नि.मा.तहको तीन कार्यरत रहेतापनि संघिय बजेटबाट दुईजना मात्र कयम गरिएकाले समस्या सिर्जना भएको छ । आ.व. ०७८ को संघिय कार्यक्रम

अन्तर्गत मा.वि. तहको ९–१० को लागि ४ वटा शिक्षण सिकाई अनुदान कोटाको रकम उपलब्ध गराईएकोमा विविध कारणले नियुक्त हुन सकिरहेको छैन। मुलत विज्ञान र गणित विषय शिक्षकको लागि पटक पटक विज्ञापन गरेता पनि अध्यापनअ नुमतिपत्र प्राप्त व्यक्ति को अभावका कारण विज्ञापनले सार्थकता पाउन सकिरहेको अवस्था छैन ।

ओमसतिया गाउँपालिकामा संचालित विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई सकेसम्म पायक पर्ने गरि नै व्यवस्थापन गरिएको छ। शिक्षक अपायक परेको कारण शिक्षण सिकाईमा असर परेको भन्ने अवस्था छैन तथापी गाउँपालिकाले २०७५ साल देखि सम्पूर्ण सामुदायिक तथा धार्मिक विदालयहरुमा अंग्रेजी माध्यमबाट कक्षा शुरु गरेकोमा अहिले आएर कक्षा ४ सम्म पुगेको छ । तथापी दरवन्दी राहत र गा.पा. नियुक्त शिक्षकहरुबाट अंग्रेजी माध्यमको पढाईलाई गतिशिल बनाउन सक्ने क्षमताको कमी एवं अभिभावकहरुको ध्यान दृष्टि नपुगेका कारण अंग्रेजी माध्यम नामको मात्र हुनपुगेको तितो यथार्थ विद्यमान छ ।

तालिका नं :२३

सामुदायिक विद्यालयको तहगत शिक्षक विवरण

| क्र.सं | तह | अस्थायी | स्थायी | राहत | शिक्षण सिकाइ अनुदान गा.पा | शिक्षण सिकाइ अनुदान संघ | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ३ | ५३ | २२ | ११ | ० | ८९ |
| २ | निम्नमाध्यमिक | १ | ८ | १ | ५ | ३ | १८ |
| ३ | माध्यमिक | ० | १० | ३ | ६ | १९ | ३८ |
| ४ | साविक उ.मा.वि | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४ | ७१ | २६ | २२ | २२ | १४५ |

**समस्या र चुनैतीहरू**

गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका मुख्य समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. विद्यार्थी संख्याको अधारमा शिक्षक दरवन्दी अत्यन्तै न्यून हुनु
२. शिक्षकहरूको नियमित र समसामयिक तालिमको कमी
३. शिक्षकहरूको समुचित प्रोत्साहन र पुरस्कार प्रणालीको अभावले कामप्रति उत्साह कम गराउनु
४. योग्य र अनुभवी शिक्षकको कमी साथै अंग्रेजी, गणित र विज्ञान शिक्षकको अभाव
५. स्थानीय समुदायको शिक्षक विकासमा संलग्नता न्यून रहँदा समग्र शिक्षाको स्तरमा गिरावट आउँनु
६. शिक्षक व्यवस्थापनका लागि आवश्यक वित्तीय र भौतिक स्रोतको अभाव जसले योजनाबद्ध विकासमा बाधा पुर्याउँछ।

### ४.२.३ उद्देश्यहरू

१. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्ने,
२. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
३. विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु,
४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
५. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
६. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

### ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,

२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
७. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने ।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि:**

सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने छ ।

**ग) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने शिक्षक | ० | ५ | ५ | ५ | ५ | ५ |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | १ | ३ | २ | १ | २ |
| ६ | शिक्षक विद्यारथी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने बिद्यालय संख्या | ० | ५ | ५ | १ | ५ | ० |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ७ | शिक्षकको बृत्ति विकासका लागि परादर्शी, र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने | ० | ३ | ४ | ३ | ३ | २ |

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | शिक्षक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | १ | ० | ० | ० | १ | २ | स्थानीय |
| २ | विद्यालय तथा पालिका स्तरमा प्रारम्भिक कक्षाका शिक्षकलाइ पेसागत सहयोग गर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय |
| ३ | एकीकृत पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि कक्षा १ देखि ३ सम्मका शिक्षकहरूलाई पठन तत्व तथा एकीकृत ढाँचाको तालिमको ब्यवस्था | पटक | १ | १ | ० | ० | ० | २ | २ | स्थानीय |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली विकास र कार्यान्वयन | विद्यालय | ० | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ५ | सबै तहका शिक्षक तथा विद्यालय कर्मचारीको तलबभत्ताको ब्यवस्था | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | सङ्घ, स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षक प्रसुती विदा बस्दा शिक्षण सिकाइलाइ निरन्तरता दिन बैकल्पिक शिक्षकको ब्यवस्थापन | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २१ | सङ्घ, स्थानीय तह |
| ७ | उत्कृष्ट शिक्षक सम्मान | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | स्थानीय |
| ८ | शैक्षिक अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ९ | प्र अ हरुको नेतृत्व बिकास का लागि क्षमता अभिबृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

पहुँच र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । ओमसतिया गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा मधेशी, ब्राह्मण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरूको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका,कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका ब्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस गाउँपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषत अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका आदिहरूको लागि शिक्षामा पहुँच कठीन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ । यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

ओमसतिया गाउँपालिकामा १६ सामुदायिक विद्यालय र १४ संस्थागत विद्यालय मदरसा ५ गरी ३५ विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी ३० वटा बालविकास केन्द्रहरू रहेका छन् । फ्ल्यास रिपोर्ट २०७७ बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी ३ जना अपाङ्गता भएका बालबालिकाहरु विद्यालयमा भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रबृत्ति प्रदान गर्ने कानुनी ब्यवस्था गरिएको छ । जातीयताको हिसावले दलित तथा जनजाति समेतलाई पछाडि परेको बर्गको रुपमा लिइन्छ । यस गाउँपालिकामा विद्यार्थी कुल भर्नामा दलितको संख्या १४०८ रहेको छ भने जनजातिको संख्या १८४० रहेको छ ।समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू, असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू, अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत

समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूलप्रवाहीकरणमा ल्याउन अझैपनि सकिएको अवस्था छैन ।

**समस्या तथा चुनौतिहरू**

माथि उल्लेखित विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको वर्गको पहुँचमा देखिएका समस्या तथा चुनौतिहरू निम्न रहेका छन्:-

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु ।
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ।
३. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु ।
४. समाजमा अझैपनि विभेद, दुर्व्यवहार,हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु ।
५. समाजमा पछि परेको वर्ग दलित, गरिब, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु ।

### ४.३.३ उद्देश्यहरू

१. शिक्षामा समतामूलक पहुँच पुर्‍याउने ।
२. सिकाइमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।
३. शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने ।
४. समुदाय तथा विद्यालयमा हुने सबै प्रकारका विभेद दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्ने ।

### ४.३.४ रणनीतिहरू

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी अध्यावधिक गरी राखिने छ ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिकमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भौतिक संरचनाहरूको निर्माण गर्न सहयोग गरिनेछ ।
३. साधारण विद्यालयमा भर्ना भई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरूको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।
४. विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गर्न सबै शिक्षक विद्यार्थी लगायतका सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ ।
५. समावेशी तथा समतामूलक पहुँचकोसुनिश्चितताका लागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।
६. विद्यार्थीहरूलाई खासगरी किशोरीहरूलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण अनुसन्धान र विकास गरिनेछ।
७. विद्यालयमा हुने सबै गतिविधिहरूमा बालबालिकाहरूको समावेशी सहभागिताको सुनिश्चितता गरिने छ ।
८. विद्यालयहरूमा बिशेषत: छात्राहरूलाई हुने विभेद कम गर्न र गुनासो सुन्नका लागि 'जेन्डर फोकल पर्सन' गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।
९. प्रत्येक बिद्यालयहरुमा गुनासो पेटिका बनाई राख्न लगाईने छ ।

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने छ ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | १ | १ | १ | १ | १ | १ |
| २ | लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको बिद्यालय संख्या | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ३ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भएको हुने बिद्यालय संख्या | ० | ५ | ५ | ५ | `१० | १५ |

### ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | | भौतिक लक्ष्य (५ बर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सवै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २ | लक्षित बर्गको लागि छात्रबृत्ति वितरण | जना | १३५० | १३६० | १३७० | १३८० | १३९० | ६८५० | १३७०० | |
| ३ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | थपघट हुनसक्ने |
| ४ | गुनासो सुनुवाई कार्यविधि निर्माण तथा जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको ब्यबस्था | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | आवश्य कतानुसार |
| ५ | बालबालिकाको परिक्षण गरि अपांगताको अधारमा वर्गीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | | भौतिक लक्ष्य (५ बर्षे) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| | र अभिलेखिकरण गरी उपयुक्त शिक्षाको प्रवन्ध गर्ने | | | | | | | | | |
| ६ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाविच जवाफदेही सहितको कार्यगत समन्वय गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |
| ७ | समावेशी शिक्षा साजाल गठन गठन न कार्यविधि निर्माण तथा कार्यन्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | शिक्षा शाखा |
| ८ | मातृभाषा मा शिक्षण सिकाई का लागि क्षमता बिकास | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | आवश्य कतानुसार |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ परिचय

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता शैक्षिक उपलब्धि गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकोले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ । यसका लागि विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणको कार्यक्रमका माध्यमबाट स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु एउटा मितव्ययी तथा प्रभावकारी तरिका देखिएको छ विद्यालयमा आधारित पोषण तथा स्वास्थ्य सेवाको न्यूनतम प्याकेज अन्तर्गत वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रुपमा जुकाको औषधि वितरण तथा आवश्यकता अनुसार प्रतिस्थापन हुने व्यवस्थासहित सबै प्राथमिक विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६ देखि १२ का बालिकाहरुलाई आइरन चक्की छात्राहरूका लागि सेनिटरी प्याड छात्र र छात्राका लागि अलगअलग शौचालय व्यवस्थापन समितिको सक्षमतामा सुधार तथा पोषण र स्वास्थ्यका सवालमा बाल क्लबहरूको परिचालन गर्नुपर्ने रहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले बालबालिकाको स्वास्थ्य पोषण सरसफाई तथा स्वच्छता र खाद्य सम्प्रभुता सम्बन्धमा प्राथमिकता दिए पनि यिनलाई विद्यालयसँग कसरी जोड्ने भन्ने रणनीति स्पष्ट गरेको देखिँदैन । विद्यालय शिक्षा क्षेत्र योजना र १६ औँ आवधिक योजनामा बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाई सुधार गर्नका लागि जुका नियन्त्रण सूक्ष्मपोषक तत्त्व पुराण तथा दृष्टि एवं श्रावणको जाँच र स्वास्थ्य तथा पोषण शिक्षा प्रदान गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने रणनीतिहरू प्रस्ताव गरिएका छन् । यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने प्रायजसो कार्यक्रमहरूबाट स्वास्थ्य क्षेत्रबाट वा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने हुँदा कार्यक्रमको नतिजामा एकरुपता नदेखिने सम्भावना पनि रहेको छ । विशेषत विद्यालय र स्थानीय स्वास्थ्य संस्थाको सक्रियता र स्वेच्छिक सहकार्यमा यी कार्यक्रमहरूको प्रभावकारिता निर्भर भएको देखिन्छ ।

विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने खानेपानी सरसफाई तथा स्वच्छता सुविधाहरुमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी विद्यार्थी संख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता सन्दर्भमा प्याड व्यवस्थापन व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्छा घर सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्था रहेका छन् । उल्लेखित सुविधा तथा सेवा बाहेक बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्ध पनि विद्यालयमा हुन आवश्यक छ । स्वच्छता प्रवर्धन र दिगोपनका लागि विद्यालयहरूमा खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको संस्थागत व्यवस्था गर्न आवश्यक छ ।

### ४.४.२ वर्तमान अवस्था

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयनको स्थितिका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ । तर कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु १५ पर्याप्त देखिँदैन ।

ओमसतिया गाउँपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण आइरनचकी र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता पक्षहरुमा गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधिहरु एकपटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधि तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ । सरसफाई तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन । यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ । प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन । यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाई प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन् । विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । ओमसतिया गाउँपालिकाको सवालमा बालबालिकाका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाई तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

तालिका नं :२४

विद्यालयहरूमा विद्यालय स्वास्थ्य र पोषणको अवस्था

| क्र.स. | विद्यालयको नाम | प्राथमिक उपचार बक्स तथा औषधी भएको | प्राथमिक उपचार सहायता/सुविधा | नर्सको व्यवस्था | सेनेटरी प्याडको व्यवस्था भएको | विद्यार्थीहरुको बर्षमा २ पटक स्वास्थ्य जाँच गरेको | विद्यालय स्वस्थ्य तथा पोषण फोकल शिक्षक | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | पडसरी आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✗ | ✗ | |
| २ | बसन्तपुर दशरथ जनता मा.वि | ✗ | ✓ | ✗ | ✓ | ✗ | ✓ | |
| ३ | मदरसा बालापुर | ✓ | ✗ | ✗ | ✓ | ✓ | ✗ | |
| ४ | ओमसतिया आ.वि | ✗ | ✗ | ✗ | ✓ | ✗ | ✓ | |
| ५ | गंगा विशुन आ.वि | ✓ | ✗ | ✗ | ✗ | ✗ | ✓ | |
| ६ | शमसेर स्मृति आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✓ | ✗ | |
| ७ | छोटकी रामनगर मा.वि | ✗ | ✗ | ✗ | ✓ | ✗ | ✗ | |
| ८ | जनता आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✓ | ✗ | |
| ९ | पट्खौली मा.वि | ✓ | ✓ | ✗ | ✓ | ✗ | ✗ | |
| १० | मदरसा नैरनापुर | ✗ | ✓ | ✗ | ✗ | ✓ | ✓ | |
| ११ | मदरसा जियाउल | ✗ | ✗ | ✗ | ✗ | ✗ | ✗ | |
| १२ | सगरमाथा आ.वि | ✗ | ✗ | ✗ | ✗ | ✗ | ✗ | |
| १३ | कोटही आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✓ | ✓ | |
| १४ | रामजानकी आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✗ | ✗ | |
| १५ | रोहिणी विद्याश्रम आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✗ | ✓ | |
| १६ | ठूटिपिपल मा.वि | ✓ | ✓ | ✗ | ✓ | ✗ | ✓ | |
| १७ | मदरसा पननी | ✗ | ✗ | ✗ | ✓ | ✗ | ✗ | |
| १८ | भविष्य निर्माण आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✗ | ✓ | |
| १९ | सिर्जना आ.वि | ✓ | ✗ | ✗ | ✓ | ✗ | ✓ | |
| २० | मदरसा गौरी | ✓ | ✗ | ✗ | ✗ | ✗ | ✗ | |
| २१ | जनजागृती मा.वि | ✓ | ✓ | ✗ | ✓ | ✗ | ✓ | |

समस्या तथा चुनौतीहरू

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगो र पर्याप्त व्यवस्थापन नहुनु

२. स्थानीय क्षमता सुदृढीकरण तथा सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न नसकिनु ।

३. दिवा खाजाका लागि अत्यन्त न्यून रकमको उपलब्धता, स्वास्थ्य तथा पोषण र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध नहुनु ।

४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न नसकिनु ।
५. विद्यालय खाजा व्यवस्थापनका लागि मानव स्रोतको व्यवस्था गर्न नसकिनु ।
६. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न नसक्नु ।
७. विद्यालय स्वास्थ्य र पोषणका कार्यक्रमलाई प्रभावकारी रुपमा अनुगमन गर्ने र समयबद्ध मूल्याङ्कन पद्धतिको विकास गर्न नसक्नु ।
८. विद्यालय खाजा विद्यालय स्वास्थ्य पोषण तथा सफाई तथा स्वच्छता सम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन नसकिनु ।
९. विद्यालय पोषण स्वास्थ्य तथा सरसफाईलाई कार्यान्वयनका लागि गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वय प्रभावकारी नहुनु ।
१०. खोप, अइरन चक्की फोलिक एसिडको प्रयोगमा मुस्लिम समुदायका सबै छात्राहरूलाइ समावेश गर्न नसकिनु ।

### ४.४.३ उद्देश्यहरू :

१. ओमसतिया गाउँपालिकाको विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमसँग सम्बन्धि उद्देश्यहरू यसप्रकार रहेका छन ।
२. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
३. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.४ रणनीतिहरू

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने ।
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
४. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
५. दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.५ उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये सबैले आवश्यक खोप प्राप्त गरेका हुनेछन | ३७३ | ३७३ | ४०० | ५०० | ५५० | ६०० |
| २ | सबै विद्यालयले गुणस्तरिय तथा स्थानिय उत्पादनलाइ प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गरेका हुनेछन । | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ३ | सबै विद्यालयमा वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने ब्यवस्था भएको हुनेछ | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| ४ | सबै विद्यालयमा खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको हुनेछ । | | २१ | २१ | २१ | २१ | २१ |
| ५ | हरित विद्यालय कार्यढाँचा योजनालाइ प्रभावकारी कार्यान्वयन गरिएको हुनेछ । | | ५ | ५ | ५ | ५ | १ |
| ६ | विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित भएको हुनेछ | | २१ | २१ | २१ | २१ | २१ |

### ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | विद्यालय | ० | ० | ५ | ५ | ५ | १५ | २१ | |

| क्रस | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ३ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | थपघट हुनसक्ने |
| ४ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | आवश्यकता नुसार |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ० | ५ | ५ | ५ | ६ | २१ | २१ | |
| ७ | विद्यालयगत रूपमा हरित विद्यालय कार्यढाँचा योजना निर्माण र कार्यान्वयन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय र वर्तमान अवस्था

नेपालमा विद्यालय सुरक्षा एक महत्वपूर्ण मुद्दा हो, जसको प्रमुख उद्देश्य विद्यार्थीहरूलाई सुरक्षित वातावरणमा शिक्षित गर्नु हो । विद्यालय सुरक्षाका लागि सरकार, शैक्षिक संस्थाहरू, र स्थानीय समुदायले मिलेर काम गर्न अति आवश्यक छ । यसमा भवनको सुरक्षा, आपतकालीन योजनाहरू, र विद्यार्थीहरूको भौतिक र मानसिक सुरक्षाहरू पर्दछन । नेपालमा प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अवस्थालाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रम समावेश हुँदै आए पनि प्रभावकारी देखिएको छैन विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेको प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका कारणले बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी विद्यालय शिक्षा क्षेत्र योजना २०७९ देखि २०८८ सम्म ले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समेत समावेश गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित सिकाई वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवं कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिइ विपदको पूर्व तयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी विद्यालयमा हुन सक्ने हिंसा

असुरक्षा भय त्रास गाली बेइज्जती विभेद लगायतका गैर संरचनात्मक विपद तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री छात्रामैत्री अपाङ्गता मैत्री तथा सुरक्षित हिंसारहित र भयरहित सिकाई केन्द्रको रुपमा विकास गर्ने उल्लेख छ ।

विद्यालय सुरक्षा, विपत न्यूनीकरण र उत्थानशीलता अन्तर्गत मूलत तीन प्रकारका आपत्कालीन अवस्थाहरू समावेश गरिएको छ । जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, महामारी युद्ध द्वन्द विस्थापन र बसाईसराई का कारणले बालबालिकाको शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई कम गर्न विद्यालय सुरक्षा विपत न्यूनीकरण उत्थानशील योजनाहरु कार्यान्वियन गर्नुपर्ने अवस्था छ । यसका साथै अपतकालिन अवस्थामा समेत सिकाइ वातावरण तयार तथा सिकाइ क्षती न्यूनिकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सिकाइ अपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा ल्याएको छ । जसले जोखिमको अवस्थामा पनि अधिकार समावेशीकरण समता र न्याय र पहुँचलाई अभिवृद्धि गर्न सहयोग पुऱ्याउँदछ ।

### ४.५.२ वर्तमान अवस्था

ओम्सतिया गाउँपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपी विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता, र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति, र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । ओमसतिया गाउँपालिकामा धेरै विद्यालयहरू बाढी आगलागी चट्याङ जस्ता प्रकोपको जोखिममा छन् । र विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् । २०७२ सालको भूकम्पबाट पनि थुप्रै विद्यालयहरूमा क्षति पुग्यो । कोभिड १९ का कारण लामो समयसम्म विद्यालयहरू बन्द भए । ओमसतिया गाउँपालिकाको उत्थानशील योजनामा संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपदको समयमा किशोरी गर्भवती महिला सुत्केरी अपाङ्गता भएका व्यक्ति शिशु बालबालिका वृद्धवृद्धाहरुलाई संरक्षण गर्ने, विद्यालयहरू क्षति भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्व तयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, वैकल्पिक सिकाइको निरन्तरताका लागि उपयुक्त ठाउँको पहिचान गरी आवश्यक सामग्रीहरूको तयारी गर्ने, सुरक्षित सिकाइको वातावरण तयार गरी शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यकताको लेखाजोखा गरी पुनस्थापन र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवं विपद सुरक्षा सम्बन्धी चेतना समुदायमा विस्तार गर्न सहयोग गर्ने उद्देश्य राखेको छ । विद्यालयहरूको आपतकालीन योजनाहरू तयार निर्माण भएका छैनन जसले गर्दा विपद् व्यवस्थापन, तत्काल उद्धार योजना, र विद्यार्थी र कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अवलम्बन हुन सकेका छैनन । विपद् व्यवस्थापनको लागि विद्यालयका शिक्षक र कर्मचारीहरूलाई नियमित तालिम दिनु, र विद्यार्थीहरूलाई विपद् प्रतिरोधक उपायहरूको बारेमा जनचेतना जगाउनु आवश्यक छ । विद्यालयको उत्थानशीलता भनेको विद्यालयको क्षमता, resilience, र दीर्घकालीन विकास सुनिश्चित गर्नका लागि अपनाइने उपायहरू भएपनि यसमा शैक्षिक सुधार, समुदायको संलग्नता, र संरचनात्मक सुधारहरूको प्रयास भएको छैन ।

१. ओमसतिया गाउँपालिकामा कोभिड-१९ जस्तो विपदको समयमा शिक्षाका लागि विभिन्न बैकल्पिक प्रयासहरू गरिएका छन् । यीमध्ये केहि प्रमुख प्रयासहरू निम्नलिखित छन्:
२. अनलाइन कक्षाहरू: विद्यालयहरूले अनलाइन प्लेटफर्ममार्फत कक्षाहरू सञ्चालन गरेका छन् । यसमा भिडियो कन्फरेन्सिंग एप्स, जस्तै जूम र गुगल मिटको प्रयोग गरिएको छ ।

३. टेलिभिजन र रेडियो कार्यक्रम: शिक्षण सामग्रीको पहुँच सुनिश्चित गर्न टेलिभिजन र रेडियोबाट प्रशारण हुने शैक्षिक विशेष कार्यक्रमहरूमा विद्यार्थी सहभागी भएका छन ।
४. सामग्री वितरण: विद्यार्थीहरूलाई आवश्यक अध्ययन सामग्रीको वितरण गरिएको छ, जसमा किताब, कार्यपत्र, र अन्य शैक्षिक सामग्री समावेश छन्।
५. सामुदायिक शिक्षण केन्द्र: स्थानीय समुदायमा शिक्षण केन्द्रहरूको स्थापना गरिएको छ, जहाँ शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा सहयोग गर्ने प्रयास गरेका छन्।
६. मास्क र स्वास्थ्य शिक्षा: विद्यार्थीहरूको स्वास्थ्य र सुरक्षाको लागि मास्क वितरण गरिएको र स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिएको छ।
७. अभिभावकको संलग्नता: अभिभावकलाई पनि शिक्षामा संलग्न गराउने विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको छ, जसले उनीहरूलाई घरमै विद्यार्थीहरूको अध्ययनमा सहयोग पुऱ्याउन मद्दत पुर्याएको छ।

यी प्रयासहरूले शिक्षा प्रणालीलाई निरन्तरता दिन र विद्यार्थीहरूको शिक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

**समस्या तथा चुनौतीहरु**

ओमसतिया गाउँपालिकामा विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलताका मुख्य समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. भुकम्प प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण र मर्मतमा कमी हुँदा सुरक्षा जोखिम बढ्नु
२. विद्यालयमा आपतकालीन योजना र सुरक्षा प्रोटोकलको कमीले विपत् व्यवस्थापनमा समस्या निम्त्याउँनु
३. शिक्षक र विद्यार्थीहरूलाई विपत् न्यूनीकरण र प्रतिक्रिया तालिममा अभावले संकटका समयमा प्रभावकारी प्रतिक्रिया दिन कठिनाइ
४. विद्यालय सुरक्षा र विपत् न्यूनीकरणका गतिविधिहरूमा स्थानीय समुदायको संलग्नता न्यून रहनु
५. सुरक्षा उपकरण र विपत् न्यूनीकरणका लागि आवश्यक साधनहरूको अभाव
६. विद्यालयमा शिक्षक र विद्यार्थीहरूमा सुरक्षाप्रति चासोको कमीले विद्यालयको वातावरणमा नकारात्मक प्रभाव पार्नु

### ४.५.३ उद्देश्यहरू

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु

### ४.५.४ रणनीतिहरू

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने

९. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
१०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
११. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
१२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
३. आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | ५ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | २ | ५ | ५ | ५ | ५ | ५ |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | | भौतिक लक्ष्य (५वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८० / ८१ | २०८१/८२ | २०८२ / ८३ | २०८३ / ८४ | २०८४/८५ | जम्मा | | |
| १ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | १० | |
| २ | शिक्षक तथा वि.व्य.स र शि.अ.सं लाइ | पटक | ० | १ | १ | १ | १ | ४ | १० | |

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य बर्ष ५)) | | | | | | भौतिक लक्ष्य (५वर्ष ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| | विपद् ब्यवस्थापन तालिम | | | | | | | | | |
| ३ | विपद् प्रतिरोधी विद्यालय निर्माण | पटक | ० | ० | ० | १ | ० | २ | २ | थपघट हुनसक्ने |
| ४ | सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | आवश्यक तानुसार |
| ५ | विद्यालय विपद उत्थानशील योजना | विद्यालय | ० | ० | २१ | २१ | २१ | २१ | २१ | |
| ६ | विद्यालयगत वार्षिक वृक्षारोपण कार्यक्रम संचालन गर्ने | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ७ | विद्यालयमा आधारित विपद् पूर्वतयारी अवस्थाको अभ्यास गर्ने | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ८ | विपद व्यवस्थापन कोष को स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय र वर्तमान अवस्था

बालबालिकालाई शिक्षा दिने र नैतिकता सिकाउने थलो हो विद्यालय । तर, तिनै विद्यालयहरूको भौतिक संरचना कमजोर हुँदा पठनपाठन मात्र प्रभावित हुने गरेको छैन, शिक्षक र विद्यार्थीमा त्राससमेत हुने गरेको छ ।कमजोर भौतिक संरचनाकै कारण भूकम्पलगायतका विपत्ति आउँदा क्षतिसमेत धेरै हुने गरेको छ। सरकारले देशभरका करिब १५ हजार विद्यालयका भवन कमजोर रहेको तथ्यांक नै सङ्कलन गरेको छ। शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयका पूर्वाधारमा एकरूपता कायम गर्न र शिक्षण सिकाई मैत्री बनाउन पहिलो पटक विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड जारी गरेको छ। विज्ञहरूले भने भूकम्प प्रतिरोधी विद्यालय भवन बनाउन जोड दिएका छन् । शिक्षा मन्त्रालयका अनुसार देशभर २८ हजार सामुदायिक विद्यालयको कक्षा १ देखि १० सम्म करिब ५५ लाख विद्यार्थी पढ्छन् । तर यी सबै विद्यालयका भवन सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी छैनन् । कतिपय विद्यालय त जीर्ण भवन र टहरामा सञ्चालित छन्। यस्तो अवस्था अन्त्य गरी विद्यालय भवनका संरचनामा एकरूपता कायम गर्न शिक्षा मन्त्रालयले विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नै जारी गरेको छ । मापदण्डमा विद्यालयको कक्षाकोठाको आकार प्रतिविद्यार्थी न्यूनतम १ वर्ग मिटरको हुनुपर्ने र कक्षाकोठाको साइज ६० वर्ग मिटरभन्दा ठूलो बनाउन नपाइने उल्लेख छ । भौतिक संरचनालाई शिक्षण सिकाई मैत्री बनाउन राष्ट्रिय मापदण्ड बनाइएको हो ।

### ४.६.२ वर्तमान अवस्था

देशभरका २८ हजार सामुदायिक विद्यालयमध्ये करिब १० हजार पुरानो र कमजोर अवस्थामा छन्। विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड नहुँदा स्थानीय तहले आफूखुशी निर्माण, पुनर्निर्माण र मर्मत सम्भार गर्नै आएका छन्। शिक्षा मन्त्रालयले नै मापदण्ड बनाइसकेपछि अब कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने विद्यालय भवन निर्माणका लागि १५ सय ३० वर्ग मिटर, कक्षा १ देखि ८ सम्मका लागि २५ सय ४५ र माध्यमिक तह १ देखि १० कक्षासम्मका लागि ३३ सय १० वर्गमिटर जग्गा हुनुपर्ने छ। त्यसैगरी कक्षा १ देखि १२ सम्म अध्ययन गराउन विद्यालयका लागि ४ हजार ७२ वर्गमिटर जग्गा अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने छ। त्यसैगरी कक्षाकोठासँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्था गरिएको छ। यस्तो व्यवस्थाले विद्यार्थीको शिक्षण सिकाइमा समेत सकारात्मक परिवर्तन आउने शिक्षक तथा

अभिभावकको बुझाई छ। सरकारले विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड बनाउँदा भूकम्प प्रतिरोधी भवन बनाउनुपर्ने भनेको छ। नेपाल भूकम्पीय जोखिम क्षेत्रमा पर्ने भएकाले यस्तो मापदण्डलाई विज्ञहरूले पनि सकारात्मक भनेका छन्।

बिद्यालय को भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन पालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ। विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी संघसंस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ।

तालिका नं २५

विद्यालयमा उपलब्ध भौतिक सुविधा

| क्र.स. | विद्यालयको नाम | भवन किसिम | | जम्मा कक्षाकोठा | | छापामय वातावरण | पढाइ कूना | कम्तीमा ५० किताव भएको | पुस्तकालय | विज्ञान प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | पक्की | कच्ची | | | | | | |
| १ | पडसरी अधारभूत विद्यालय | १ | १ | ४ | ४ | ० | ० | ० | ० | ० | |
| २ | बसन्तपुर दशरथ जनता मा.वि | ३ | १ | १६ | २ | ० | ० | ० | ० | १ | |
| ३ | मदरसा बालापुर | २ | ० | १० | ० | ० | ० | ० | ० | ० | |
| ४ | ओमसतिया आ.वि | ३ | २ | १२ | ४ | ० | ० | ० | ० | ० | |
| ५ | गंगा विशुन आ.वि | ३ | २ | १२ | ४ | ० | ० | ० | ० | ० | |
| ६ | शमसेर स्मृति आ.वि | १ | १ | ६ | ३ | ० | ० | ० | ० | ० | |
| ७ | छोटकी रामनगर मा.वि | ४ | ३ | १४ | ६ | ० | ० | ० | ० | १ | |
| ८ | जनता आ.वि | २ | १ | ६ | ४ | ० | १ | ० | ० | ० | |
| ९ | पट्खौली मा.वि | ४ | ३ | १३ | २ | ० | १ | ० | १ | १ | |
| १० | मदरसा नैरनापुर | १ | २ | ७ | ३ | ० | ३ | ० | ० | ० | |
| ११ | मदरसा जियाउल | ० | १ | ० | ४ | ० | ० | ० | ० | ० | |
| १२ | सगरमाथा आ.वि | १ | १ | ५ | २ | ० | ० | ० | ० | ० | |
| १३ | कोटही आ.वि | ३ | १ | १० | २ | १ | ० | ० | ० | ० | |
| १४ | रामजानकी आ.वि | २ | १ | ४ | ३ | १ | ० | ० | ० | ० | |
| १५ | रोहिणी विद्याश्रम आ.वि | १ | १ | ४ | ४ | १ | १ | ० | ० | ० | |
| १६ | ठूटिपिपल मा.वि | ५ | १ | ३४ | २ | १ | ० | ० | १ | १ | |
| १७ | मदरसा पननी | १ | ० | ४ | ० | १ | ० | ० | ० | ० | |
| १८ | भविष्य निर्माण | ३ | १ | ५ | २ | ० | ० | ० | १ | ० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.वि | | | | | | | | | | |
| १९ | सिर्जना आ.वि | ३ | १ | ५ | २ | ० | ० | ० | १ | ० | |
| २० | मदरसा गौरी | २ | ० | ६ | ० | १ | ० | ० | ० | ० | |
| २१ | जनजागृती मा.वि | ४ | ० | २२ | ० | १ | ० | ० | १ | १ | |
| | जम्मा | ४० | २३ | १६६ | ५१ | ५ | ६ | ० | ३ | ४ | |

वातावरण, पिउनेपानी तथा सरसफाई:

| क्र.स. | विद्यालयको नाम | पर्खाल घेरावर | | | | शौचालय | | | | | पिउने पानीको व्यवस्था | | | खेलकूद मैदान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | कच्ची | तारबार | स्थानीय सामग्रीले बारेको | छात्रा | छात्र | महिला शिक्षक | पुरुष शिक्षक | पानीको सुविधा | धारा | इनार तथा ट्युबवेल | अन्य | | |
| १ | पडसरी आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | ० | १ | ० | १ | |
| २ | बसन्तपुर दशरथ जनता मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ३ | मदरसा बालापुर | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ४ | ओमसतिया आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ५ | गंगा विशुन आ.वि | ० | ० | १ | ० | १ | १ | ० | ० | १ | १ | ० | ० | १ | |
| ६ | शमसेर स्मृति आ.वि | १ | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | ० | ० | १ | |
| ७ | छोटकी रामनगर मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ८ | जनता आ.वि | ० | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ९ | पट्खौली मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १० | मदरसा नरैनापुर | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| ११ | मदरसा जियाउल | ० | ० | ० | ० | १ | १ | १ | १ | १ | ० | १ | ० | १ | |
| १२ | सगरमाथा आ.वि | १ | ० | १ | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १३ | कोटही आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १४ | रामजानकी आ.वि | १ | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | १ | ० | १ | |
| १५ | रोहिणी विद्याश्रम आ.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | ० | ० | १ | |
| १६ | ठूटिपिपल मा.वि | १ | ० | ० | ० | १ | १ | १ | १ | १ | १ | १ | ० | १ | |
| १७ | मदरसा पननी | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | |
| १८ | भविष्य निर्माण आ.वि | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | ० | १ | ० | १ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सिर्जना आ.वि | १ | ० | ० | ० | १ | १ | ० | ० | १ | ० | १ | ० | १ | |
| २० | मदरसा गौरी | ० | ० | ० | ० | १ | १ | ० | ० | १ | १ | १ | ० | १ | |
| २१ | जनजागृती मा.वि | १ | ० | ० | १ | १ | १ | १ | १ | १ | १ | १ | ० | १ | |
| | **जम्मा** | १५ | ० | २ | १ | २१ | २१ | १४ | १४ | २० | १६ | ८ | ० | २० | |

**समस्या तथा चुनौतीहरु**

१. विद्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्न बजेटको अभाव
२. भूकम्प, बाढी, पहिरो जस्ता विपद्ले विद्यालय संरचनामा दीर्घकालीन क्षति पुर्‍याउने खतरा
३. विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला र डिजिटल शिक्षाको सुविधा पुग्न नसक्दा विद्यार्थीहरूको सिकाइ प्रभावित रहेको
४. पुनर्निर्माण र नयाँ विद्यालय भवन निर्माणका लागि सरकारी निकाय, निजी क्षेत्र, र अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगको कम सम्भावना
५. स्थानीय समुदायको सहभागितामा विद्यालय संरचना मर्मत र सुधार गर्न नसकिएको

### ४.६.३ उद्देश्यहरू

१. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु
२. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

### ४.६.४ रणनीतिहरू

१. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
२. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने
३. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
४. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने
५. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

**ख)नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय संख्या | २ | २ | ० | १ | ० | १ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १६ | १६ | १२ | १२ | १२ | १२ |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १४ | १४ | १२ | १३ | १४ | १४ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ६ | ६ | ६ | ६ | ३ | ० |

### ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २१ | |
| २ | विद्यालयको सबलीकरण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २१ | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय | १ | २ | २ | २ | २ | ९ | २१ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | २ | २ | २ | २ | २ | १० | २१ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | ० | २ | २ | २ | २ | ८ | २१ | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | २ | ३ | २ | २ | २ | ११ | २१ | |
| ७ | विद्यालय भौतिक निर्मांणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २१ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय र वर्तमान अवस्था

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र

निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ। नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसैगरीनिरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम २०७७ विज्ञान तथा प्रविधि विषयमा सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग गर्न सक्ने सक्षमता निर्धारण गरी सूचना तथा सञ्चार प्रविधि ३० कार्य घण्टाको समय निधारण गरेको छ। माध्यमिक तहमा ऐच्छिक विषयका रुपमा कम्प्युटर अध्ययन गर्न सकिन्छ। यस पालिका अन्तर्गत सबै विद्यालयहरूमा इन्टरनेट जडान भएको छ। सबै विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ ।

तालिका नं २७

सामुदायिक तथा मदरसा विद्यालयहरूमा सुचना तथा संचार प्रविधिको अवस्था

| क्र.स. | विद्यालयको नाम | विजुली जडान | वाइफाई जडान | डेस्टप | ल्यपटप | प्रिन्टर | प्रोजेक्टर | स्मार्ट बोर्ड | कम्प्यूटर प्रयोगशाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पडसरी आ.वि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| २ | बसन्तपुर दशरथ जनता मा.वि | छ | छ | ० | १ | १ | ३ | ० | ० | |
| ३ | मदरसा बालापुर | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| ४ | ओमसतिया आ.वि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| ५ | गंगा विशुन आ.वि | छ | छैन | ० | ० | ० | ० | ० | ० | |
| ६ | शमसेर स्मृति आ.वि | छ | छैन | ० | १ | १ | ० | ० | ० | |
| ७ | छोटकी रामनगर मा.वि | छ | छ | ० | १ | १ | २ | ० | ० | |
| ८ | जनता आ.वि | छ | छ | ० | ० | १ | ० | ० | ० | |
| ९ | पट्खौली मा.वि | छ | छ | १ | २ | २ | २ | ३ | ० | |
| १० | मदरसा नरैनापुर | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| ११ | मदरसा जियाउल | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १२ | सगरमाथा आ.वि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १३ | कोटही आ.वि | छ | छ | १ | १ | १ | १ | १ | ० | |
| १४ | रामजानकी आ.वि | छ | छ | ० | १ | ० | ० | ० | ० | |
| १५ | रोहिणी विद्याश्रम आ.वि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १६ | ठूटिपिपल मा.वि | छ | छ | १० | ५ | ३ | ४ | ० | १ | |
| १७ | मदरसा पननी | छ | छ | ० | ० | ० | ० | ० | ० | |
| १८ | भविष्य निर्माण आ.वि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| १९ | सिर्जना आ.वि | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| २० | मदरसा गौरी | छ | छ | १ | ० | १ | ० | ० | ० | |
| २१ | जनजागृती मा.वि | छ | छ | १० | ३ | २ | २ | १ | १ | |

समस्या तथा चुनौतीहरु

शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगमा समस्या र चुनौतीहरू निम्नानुसार छन्:

१. पर्याप्त कम्प्युटर, इन्टरनेट जडान, र अन्य उपकरणहरूको कमीले प्रविधिको प्रभावकारी प्रयोगमा समस्या
२. शिक्षक र विद्यार्थीहरूको लागि सूचना र संचार प्रविधिको सही उपयोगका लागि तालिमको अभावले प्रविधिको प्रभावकारिता घटाउनु
३. सबै विद्यार्थीहरूसम्म प्रविधि पहुँच नहुँदा शिक्षा समानताको समस्या
४. अनलाइन प्लेटफर्मको प्रयोग गर्दा डेटा सुरक्षासम्बन्धी चिन्ता र साइबर खतराहरूको जोखिम
५. प्रविधिको प्रयोग गर्ने शिक्षण विधिहरू र पाठ्यक्रमको बीचमा समन्वयको अभावले शिक्षा प्रभावकारी बनाउनमा कठिनाइ
६. शिक्षक र विद्यार्थीहरूको प्रविधिको प्रयोगमा चासो र सक्रियता कम हुँदा शिक्षा प्रक्रियामा कमी

### ४.७.३ उद्देश्यहरू

१. सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार आइ गुणस्तरीय शिक्षाको प्रबर्द्धन हुने ।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने ।
३. सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने ।

### ४.७.४ रणनीतिहरू

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
२. सबै शिक्षकहरूको क्षमता विकास गरिने,
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
७. सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने ।

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २१ | २१ | २१ | २१ | २१ | २१ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ४ | ४ | १० | १५ | १८ | २१ |
| ३ | विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने बिद्यालय संख्या | ५ | ५ | १० | १५ | २० | २१ |
| ४ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली लागु भएको बिद्यालय संख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |

### ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | | ३ | ३ | ३ | ३ | १२ | २१ | |
| २ | प्रत्येकविद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | सङ्घ र स्थानीय तह |
| ३ | ICT मा शिक्षकहरूको क्षमता विकास | जना | ० | २१ | ० | २१ | ० | ४२ | ८४ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक स्मार्ट डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | ० | ० | १ | १ | १ | ३ | ६ | |
| ५ | IEMIS व्यवस्थापन | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |
| ६ | विद्यालमा इ हाजिरी ब्वस्थापन | विद्यालय | ० | ४ | ४ | ४ | ४ | २१ | २१ | |
| ७ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ६ | |
| ८ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | विद्यालय | ० | २ | २ | २ | २ | ८ | २१ | |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । अन्यतालिम केन्द्रहरू खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन्। साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन्। लोक लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७००जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ। तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४(घ) १ को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन। संघीय स्वरूप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २० ७४कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका तेइसवटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन। एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुन: परिभाषित गर्नुपर्ने देखियो। जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार

छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १०को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याकन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ।

### ६.१.३ उद्देश्यहरू

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्:-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

### ६.१.४ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ ।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
५. संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ ।

६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | २१ | २१ | २१ | २१ | २१ | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | ४ | ४ | ४ | ४ | ४ | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | संख्या | २१ | २१ | २१ | २१ | २१ | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | संख्या | २१ | २१ | २१ | २१ | २१ | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | संख्या | ५ | ५ | ५ | ५ | ५ | |

### ६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | ० | १ | ० | ० | २ | ४ |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | ० | १ | ० | ० | २ | ४ |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क | विद्या | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | प्रणालीको सुदृढीकरण | लय | | | | | | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | प्र.अ | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | विद्यालय | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | २१ |
| ७ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

### ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

#### ६.२.१ परिचय

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ। स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन। कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्दछ। नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगाएतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

#### ६.२.२ वर्तमान अवस्था

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा पालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरिक्षण, निरीक्षण गर्नेछन्। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ। कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ।

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ। खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ। बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ। अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ। कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन। समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ। प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ। सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ।

**चुनौतीहरू**

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु |
